का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ असोज २०८३
सोमबार
5 October 2026
Monday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्नं

वर्ष २४, अंक २५६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

**कांग्रेसको महाधिवेशन**

# वैधानिकतातर्फ गगन छुटे संस्थापक नेताका लिगेसी




कांग्रेसको १५औं महाधिवेशन उद्घाटन समारोहमा सबै राष्ट्रिय दलका नेताहरूलाई एकै मञ्चमा राखेर राष्ट्रिय राजनीतिबारेमा बहस चलाउँदा कांग्रेसको एउटा पक्ष भने देखिएन । कांग्रेसका संस्थापक नेताहरू बिपी कोइरालापुत्र डा. शशांक कोइराला, गणेशमान सिंहपुत्र प्रकाशमान सिंह र किसुनजीको लिगेसीबाट आएका नेता शेरबहादुर देउवाबिनै कांग्रेस अघि बढेको छ ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १८ असोज

नेपाली कांग्रेसको १५औं महाधिवेशन आइतबार विशेष समारोहका बीच उद्घाटन भयो । खुलामञ्चमा उद्घाटन भएको महाधिवेशनमा सबै राजनीतिक दलका शीर्ष नेतालाई राखेर साझा मञ्च बनाउने प्रयास गरेको छ । कांग्रेसको महाधिवेशन उद्घाटन समारोहमा सबै राष्ट्रिय दलका नेतालाई एकै मञ्चमा राखेर राष्ट्रिय राजनीतिबारे बहस चलाउँदा कांग्रेसको एउटा समूह भने देखिएन ।

विशेष महाधिवेशनबाट आएको गगन थापाको नेतृत्वमा जारी १५औं महाधिवेशनले आगामी पृष्ठ २ मा

## घोचपेचको थलो बन्यो 'खुलामञ्च'

एकातिर सबै दल एकै ठाउँमा रहने राजनीतिक संस्कारले निरन्तरता पायो । अर्कोतिर तर्क र तथ्यलाई आफूअनुकूल व्याख्या गर्दै राजनीतिक घोचपेच गर्ने थलो पनि त्यही महाधिवेशन उद्घाटनस्थल खुलामञ्च बन्यो ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ असोज

१० वर्षअघि नेपाली कांग्रेसको १३औं महाधिवेशन हुँदै गर्दा काठमाडौंको खुलामञ्च गुल्जार थियो । तत्कालीन परिस्थितिमा राजनीतिक भाषण र नेताहरूका अभिव्यक्ति सुन्न नेता/कार्यकर्ताको उस्तै उपस्थिति थियो । पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# कुवेतमा घरेलु महिला कामदार
# नेपालमा रोक, दूतावासमा तोक

**राज मल्ल/मध्यान्ह**
कुवेत, १८ असोज

कुवेतस्थित नेपाली राजदूतावासमा यतिबेला पाइला टेक्ने ठाउँ छैन । सेवाग्राहीको ठेलमठेल भिड, कसलाई पहिले सेवा दिने भन्ने अन्योल, छिटो काम गरिदिन आग्रह गर्नेहरूको चर्को आवाज र आफ्नो पालो कुर्दाकुर्दै थकित भएका अनुहार । दूतावासको सीमित भौतिक संरचना र जनशक्तिले धान्न नसक्ने गरी सेवाग्राहीको चाप बढेको छ । तर यो भिड सामान्य कागजी प्रक्रिया पूरा गर्न आएको भिड होइन । यसभित्र नेपालको वैदेशिक रोजगार नीति, घरेलु महिला कामदारको बाध्यता, सरकारी निर्णयको विरोधाभास र प्रवासी नेपालीको भविष्यसँग जोडिएका अनेक प्रश्न लुकेका छन् ।

कारण हो, सन् २०२४ सेप्टेम्बर २४ भन्दा अगाडि जुनसुकै माध्यमबाट कुवेत प्रवेश गरी घरेलु क्षेत्रमा कार्यरत नेपाली महिला कामदारलाई नेपाल गएर पुनः श्रम स्वीकृति लिई कुवेत फर्कन आवश्यक कागजात उपलब्ध गराउने प्रक्रिया । एकातिर कुवेतमा कार्यरत नेपाली घरेलु महिला कामदारको दुई वर्षे कार्यअवधि पूरा भएको छ । अर्कोतिर नेपालमा दसैं र तिहार घरआँगनमै आइपुगेका छन् । वर्षौंदेखि परिवारबाट टाढा रहेका महिलालाई घर फर्कने, आफन्तसँग भेट्ने र चाडपर्व मनाउने रहर हुनु स्वाभाविक हो । तर नेपाल गएपछि पुनः कुवेत फर्कन पाइने हो कि होइन भन्ने अनिश्चितताले उनीहरूलाई दूतावासको ढोकासम्म ल्याइपुऱ्याएको छ ।

सरकारले तोकेको मापदण्डअनुसार सन् २०२४ सेप्टेम्बर २४ भन्दा अगाडि कुवेत प्रवेश गरेका घरेलु महिला कामदारले सम्बन्धित स्पोन्सरको हस्ताक्षर, न्यूनतम १४० कुवेती दिनार तलब पृष्ठ २ मा

## वैदेशिक रोजगारबारे गगनले के भने ?

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले वैदेशिक रोजगारीलाई बाध्यता मात्र नभई सुरक्षित, व्यवस्थित र अधिकारमुखी बनाउने दृष्टिकोण अगाडि सारेका छन् । आइतबारदेखि राजधानीमा सुरु भएको कांग्रेसको १५औं महाधिवेशनमा पेस गरिएको राजनीतिक प्रतिवेदनमा सभापति थापाले रोजगारी र वैदेशिक रोजगारी शीर्षकमा पृष्ठ २ मा



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## वैधानिकतातर्फ...

चार वर्षका लागि कांग्रेसमा नेता र नीति स्थापित गराउनेछ । महाधिवेशनले गगन थापालाई संस्थापन वैधानिकता दिने बाटो तय गर्नेछ ।

निवर्तमान सभापति शेरबहादुर देउवालाई महाधिवेशन उद्घाटनका लागि पटक-पटक निम्ता गर्दा पनि नआएको कांग्रेसले दाबी गरेको छ । सभापति थापाले पूर्वसभापति देउवाका लागि महाधिवेशनमा कुर्सी खाली राखिए पनि उनी सहभागी नभएको दाबी गरे । देउवालाई लिनका लागि पार्टीका नेताहरू कतिपटक जाने र कसरी जाने ? भन्ने प्रश्न गर्दै उनले भने, 'पूर्वसभापति शेरबहादुर देउवाका लागि कुर्सी खाली राखेका थियौं । तर आउनुभएन । कतिपटक जाने हो, लिन कसरी जाने हो ?'

अधिवेशन उद्घाटन समारोहमा सुजाता कोइरालाबाहेक कांग्रेसका संस्थापक नेताहरूको लिगेसी बोकेका नेताहरूको अनुपस्थितिले कार्यकर्ता तहले खल्लो महसुस गरे । सन्त नेता कृष्णप्रसाद भट्टराईको लिगेसीबाट आएका नेता देउवाको अनुपस्थितिले कांग्रेसको राजनीतिलाई फकर कोणबाट विश्लेषण गरिएको छ । उनीसँगै कांग्रेसका संस्थापक नेताहरू बिपी कोइराला र गणेशमान सिंहका पुत्र डा. शशांक कोइराला र प्रकाशमान सिंहको सहभागिता नहुँदा कांग्रेसमा पूरै नयाँपन देखिएको भन्नेहरूको जमात त्यत्तिकै थियो ।

महाधिवेशनमा सहभागी प्रतिनिधिहरूको फरक-फरक दृष्टिकोण देखिए पनि १५औं महाधिवेशनबाट मूल नेतृत्वमा गगनको विकल्पबारे सोचेको देखिएन । यद्यपि कांग्रेसका संस्थापक तीनै शीर्ष नेताको लिगेसी बोकेका नेताहरूले महाधिवेशन बहिष्कार गरेको स्पष्ट सन्देश दिएको छ । पार्टीका एक तहका नेताहरू कांग्रेसबाट साइड लागेका छन् । यसले कांग्रेसको १५औं महाधिवेशन एकताको महाधिवेशन हुन नसकेको पुष्टि भएको छ ।

विशेष महाधिवेशनबाट स्थापित नेतृत्वलाई अस्वीकार गर्दै आएका पूर्वसभापति शेरबहादुर देउवा पक्षका नेताहरू समानान्तर महाधिवेशनको तयारीमा जुटेका छन् । १५ गतेबाट वडा अधिवेशन सुरु गरेको यो समूहले मंसिरको तेस्रो हप्ता केन्द्रीय महाधिवेशन गर्ने तयारी गरेको छ । एउटै दलको साझा महाधिवेशन गर्न नसकेपछि पार्टी औपचारिक फुटमा पुगेको छ । महाधिवेशनको उद्घाटन समारोहमा अन्य राजनीतिक दलले समेत जति बोलाउँदा पनि नआउने देउवालाई छाडेर अघि बढ्न सुझाव दिएका छन् । सभापति गगन थापाले पनि बिपी र गणेशमानले नागरिक स्वतन्त्रताको आवाज उठाएको खुलामञ्चमा पार्टीको महाधिवेशन उद्घाटन हुँदै गर्दा बिपी र गणेशमानको आत्मा आफ्ने पक्षसँग रहेको दाबी गर्दै नेताका छोराहरूको समेत खोजी गरे । आफ्नै पुर्खाले बनाएको र आफ्नो जीवन लगानी गरेको पार्टीको महाधिवेशन छाडेर अन्यत्र अल्मलिएको प्रति महाधिवेशनमा सहभागी प्रतिनिधिहरूले गुनासो गरे ।

पार्टी सभापति थापाले भने कांग्रेसका पुराना नेताहरूले कांग्रेस छाडेको हो कि होइन भन्ने विषयमा स्पष्ट उत्तर दिनुपर्ने बताए । 'केही साथीहरू छाडेर जानुभएको छ । उहाँहरूलाई कांग्रेसले छाडेको हो । यो पनि हामीले भन्नुपर्नेछ । यसको उत्तर अब दिनुपर्छ,' थापाले प्रश्न गरे । नयाँ नेतृत्वसँगै कांग्रेसले विगतका विषयमा स्पष्ट समीक्षा गर्दै अघि बढ्नुपर्ने बताए । पार्टीभित्र रहेका सबैलाई समेट्ने र बाहिरिएका नेताहरूका सम्बन्धमा पनि स्पष्ट धारणा बनाउनुपर्नेमा उनको जोड छ ।

आइतबार प्रारम्भ भएको १५औं महाधिवेशनअन्तर्गत बन्द सत्र आज हुँदै छ । बन्द सत्र बिहान ९ बजेदेखि सुरु हुने कांग्रेस प्रवक्ता देवराज चालिसेले बताए । सोमबारको बन्द सत्रमा सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्माले राजनीतिक र समसामयिक प्रतिवेदन प्रस्तुत गर्नेछन् । त्यस्तै, विधान मस्यौदा समितिको तर्फबाट विधान संशोधनको प्रतिवेदन प्रस्तुत हुनेछ । साथै आर्थिक प्रतिवेदन पनि भोलि नै प्रस्तुत गरिने प्रवक्ता चालिसेले बताए । प्रतिनिधिहरूलाई बिहान ८ बजे बन्द सत्रस्थलमा बोलाइएको छ ।

### राष्ट्रियताको सवालमा साझा मञ्च बनाउने प्रयास

कांग्रेसले महाधिवेशनमा सबै राजनीतिक दलका शीर्ष नेताहरूलाई राखेर साझा मञ्च बनाउने प्रयास गरेको छ । एउटै मञ्चमा बसेर कांग्रेस, कम्युनिस्ट, राजावादी र नयाँ राजनीतक शक्ति बनेको राष्ट्रिय स्वतन्त्र पार्टीका शीर्ष नेताहरूले भाषण गरे । नेताहरूको अभिव्यक्तिमा आपसी छेडकाखानी, आशंका, टिप्पणी, सहानुभूति, सुझाव र साझा एजेन्डा सबै परिकारको मिश्रण थियो । राष्ट्रियता र नागरिकलाई केन्द्रमा राखेर बोलेका अधिकांश नेताहरूले कांग्रेसको ऐतिहासिकतालाई स्मरण गरेका छन् ।

महाधिवेशनमा सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, एमालेका महासचिव शंकर पोखरेल, नेकपाका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, श्रम संस्कृति पार्टीका महासचिव आरेन राई, जनमत पार्टीका अध्यक्ष सिके राउत र नागरिक उन्मुक्ति पार्टीका संस्थापक रेशम चौधरीले शुभकामना दिए । सोही क्रममा नेताहरूले वर्तमान लोकतान्त्रिक व्यवस्था जोगाउँदै राष्ट्र र नागरिकका पक्षमा काम गर्न सबै एक ठाउँमा रहेको यो मञ्चले सन्देश दिएका हुन् ।

उद्घाटन समाहरोहलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले खुला मञ्चमा आफ्नो पार्टीले १५औं महाधिवेशन गर्नुका कारण सुनाएका थिए । खुलामञ्चमा आइसकेपछि बिपी कोइरालाको पार्टीले केही सन्देश लिनुपर्ने र दिनुपर्ने भन्दै उनले राष्ट्रियताका सवालमा मतभेदलाई हटाएर अघि बढ्ने संकल्प यो महाधिवेशनले गरेर जाने बताए । खुलामञ्चले फरक मान्छेलाई एउटै सार्वजनिक ठाउँमा ल्याइदिने बताए । 'खुलामञ्चमा आइसकेपछि बिपी कोइरालाको पार्टीले केही सन्देश लिनुपर्ने र दिनुपर्नेछ,' उनले भने, 'खुलामञ्चको एउटा विशेषता छ, यसले फरक मान्छेलाई एउटै सार्वजनिक ठाउँमा ल्याइदिन्छ । खुलामञ्चमा आएपछि मतभेद सकिन्छ भन्ने होइन । मतभेदलाई एउटै साझा मञ्चमा राख्ने ठाउँ हो, खुलामञ्च ।' यो महाधिवेशनलाई नेतृत्व चयन गर्ने इभेन्टका रूपमा मात्रै नलिन आग्रह गर्दै उनले यसै भेलाबाट केही संकल्प गर्ने दाबी गरेका छन् ।

कांग्रेस महाधिवेशनलाई शुभकामना दिँदै सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले कांग्रेसको ऐतिहासिक संघर्षपछि प्राप्त परिवर्तनको स्मरण गराए । सोही क्रममा सभापति लामिछानेले महाधिवेशनको मञ्चमा सबै पुराना राजनीतिक दलका नेताहरू भएकाले आफू मात्र प्रतिपक्षीको रूपमा उभिन पुगे पनि मुलुक र लोकतन्त्रका लागि सबै राजनीतिक दलहरूसँगै रहने सन्देश दिएका छन् । 'यो मञ्चको प्रतिपक्ष म मात्र भएछु, मलाई एक्लो हुन मन पर्छ । तर मुलुक र लोकतन्त्रका लागि पार्टीहरू एक्लो हुँदैनन्,' उनले भने । कांग्रेसको इतिहास उसको ठुलो शक्ति भएको भन्दै लामिछानेले त्यसबाट पाठ सिकेर नयाँ यात्रामा अघि बढ्नुपर्ने धारणा राखे । लामो राजनीतिक इतिहासको सम्मान गर्दै पार्टीले अब नयाँ पुस्ता र नयाँ राजनीतिक परिस्थितिअनुसार अघि बढ्नुपर्ने उनको सुझाव छ ।

नेकपा (एमाले)का महासचिव शंकर पोखरेलले मुलुकमा लोकतन्त्रको भविष्यको खोजी गरे । महाधिवेशन सम्बोधनका क्रममा उनले लोकतान्त्रिक मूल्य-मान्यता र संसदीय प्रणालीको मर्यादा जोगाउन प्रमुख राजनीतिक दलहरू गम्भीर र जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

महाधिवेशन उद्घाटन समारोहमा नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसका सभापति गगन थापाले देशको नेतृत्व गर्ने अवस्था आएको बताए । 'मैले त्यतिबेलै भन्थेँ, तपाईंले यो देशको नेतृत्व गर्ने बेला आउन सक्छ । आज आएको देख्छु, निकै ठुलो जिम्मेवारी उहाँको काँधमा आएको छ ।' उनले बाँकी रहेका सबैलाई समेटेर अगाडि बढ्न सुझाव दिए । नयाँ भन्नेहरूले बुढापाकालाई अपमान गर्ने प्रवृत्ति देखिएको भन्दै गगनलाई त्यस्तो व्यवहार नदेखाउन आग्रह गरे ।

श्रम संस्कृति पार्टीका महासचिव आरेन राईले नेपाली कांग्रेस हल्लाका भरमा नभई लामो संघर्ष र त्यागबाट स्थापित भएको बताए । नेपालमा लोकतन्त्र र प्रजातन्त्र स्थापनाका लागि कांग्रेसले महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै उनले भने, 'नेपाली कांग्रेसको इतिहास धेरै पढ्यौं र हेर्‍यौं । नेपाली कांग्रेस वास्तवमा हल्लाद्वारा स्थापित भएको पार्टी होइन ।' कांग्रेसको इतिहासमा धेरै नेता तथा कार्यकर्ताले व्यक्तिगत सपना त्यागेर राष्ट्र निर्माणका लागि योगदान गरेको बताए ।

### पदाधिकारीमा प्रतिस्पर्धीको लर्को

१५औं महाधिवेशनमा वर्तमान सभापति गगनकुमार थापाकै पक्षमा पल्लाभारी देखिएको छ । अझै सर्वसम्मतिमा सभापति बन्ने प्रयासमा थापा छन् । तर पूर्वसहमहामन्त्री किशोरसिंह राठौरले सभापतिमा उम्मेदवारी दिने घोषणा गरेका छन् । अरू कुनै नेताहरूले सभापतिको आकांक्षा राखेका छैनन् ।

त्यसबाहेक उपसभापति, महामन्त्री र सहमहामन्त्रीमा प्रतिस्पर्धीहरूको लर्को लागेको छ । कांग्रेसको नयाँ विधानमा एक सभापति, २ उपसभापति, २ महामन्त्री, ११ सहमहामन्त्री र १ कोषाध्यक्ष गरी १७ जना पदाधिकारीको व्यवस्था छ । तर पार्टीको बैठकबाट पदाधिकारीको संख्या थप्ने प्रस्ताव बन्दसत्रमा ल्याउने तयारी रहेका प्रवक्ता देवराज चालिसेले बताए । विशेष महाधिवेशनबाट उपसभापतिमा शर्मा, पुष्पा भुसाल, महामन्त्रीमा पौडेल र गुरुराज घिमिरे सोही पदमा दोहोरिने तयारीमा छन् ।

उपसभापतिका लागि पनि धेरैको नाम चर्चामा छ । त्यस्तै महामन्त्रीका लागि नैनसिंह महर, डा. सुनिल शर्मा, उदयशमशेर राणा, देवराज चालिसे, जीवन परियार, डिना उपाध्याय, रामहरि खतिवडा, महेन्द्र यादव, प्रकाश स्नेही, शंकर तिवारीलगायतले आकांक्षा राखेका छन् । महामन्त्री बन्ने आकांक्षीहरूको लर्को लागेपछि पार्टी नेतृत्वलाई टिम व्यवस्थापनमा समेत सकस पर्ने देखिएको छ । त्यस्तै, सहमहामन्त्रीको लाइनमा प्रतिमा गौतम, मीन विश्वकर्मा, प्रदीप सुनुवार, टेकराज पौडेल, मनोजमणि आचार्य, सुरजराज काफ्लेलगायत नेताहरूको दाबी छ । केन्द्रीय सदस्यका लागि यसपटक युवाहरू र क्लस्टरगत रूपमा सयौं नेताहरूले दाबी गरेका छन् ।

## घोचपेचको...

१० वर्षपछि आइतबार कांग्रेसको १५औं महाधिवेशन सोही थलोमा भयो । यसबीचमा अन्य ठुला राजनीतिक कार्यक्रम खुलामञ्चमा भएका थिएनन् । आइतबार कांग्रेसको महाधिवेशधन उद्घाटन हुँदै गर्दा खुलामञ्च फेरि राजनीतिक विचार-विमर्श गर्ने थलो बन्यो ।

कांग्रेसको महाधिवेशन उद्घाटन भए पनि खुलामञ्चमा आइतबार कांग्रेसको मात्रै कुरा भएन, अरू दलका नेताहरू पनि आए र कांग्रेसको मञ्चबाटै आफ्ना राजनीतिक सन्देश सुनाए ।

कांग्रेस सभापति गगन थापाले खुलामञ्चको प्रसंगबाटै संसद्, राजनीतिक दल, समाज र सामाजिक सञ्जालमा खुलापनको कुरा गरे । जनताका प्रश्न, असहमति र फरक विचार राख्ने ठाउँ सबै क्षेत्रमा आवश्यक रहेको उनको भनाइ थियो । प्रधानमन्त्री संसद्मा जवाफदेही रूपमा उपस्थित हुनुपर्ने विषय राखे । अर्थात्, सरकारप्रति सभापति थापाले औंला ठड्याए ।

खुलामञ्चमा पूर्वप्रधानमन्त्रीद्वय पुष्पकमल दाहाल प्रचण्ड र डा. बाबुराम भट्टराई, एमालेका महासचिव शंकर पोखरेल लगायत उपस्थित थिए । उनीहरूले कांग्रेसको मञ्चमार्फत लोकतन्त्र र विधिको शासनको वकालत गरे ।

सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले लोकतन्त्रको चिन्ता नगर्न सुझाए । अनि सरकार ढाल्न सडक आन्दोलन गर्ने कुरा नगर्न चेतावनी दिए ।

रविको सन्देश छ, 'रास्वपालाई विस्थापित गर्ने उपाय निर्वाचन हो । आन्दोलनबाट सरकार ढाल्ने होइन, अब चुनावबाट सरकार फेरौं ।' सभापति लामिछाने यतिमा रोकिएनन् । सरकार ढल्ने हल्लाप्रति कटाक्ष गर्दै उनले दसैं, तिहार, छठ वा नेपाल संवत्मा सरकार ढल्ने भनेर जति चर्चा गरे पनि सरकार नढल्ने दाबी गरे ।

अर्कोतिर, नेपाली कम्युनिस्ट पार्टीका संयोजकसमेत रहेका प्रचण्डले शान्ति प्रक्रिया सम्झिए । आफ्नो राजनीतिक यात्रामा युद्धबाट शान्ति प्रक्रिया, शान्ति प्रक्रियाबाट संविधान र संविधानबाट गणतन्त्रसम्म पुग्नुलाई 'क्रमभंग'का रूपमा व्याख्या गरे । अब त्यस्तो क्रमभंग गर्ने पालो गगन र रविको भएको उनको भनाइ थियो । 'अब पालो गगनजीहरूको हो, तपाईं क्रमभंग गर्दै जानुस् । अब पालो रविजीहरूको हो, तपाईंले अझै क्रमभंग गर्न बाँकी छ,' प्रचण्डले भने, 'तपाईंले पनि क्रमभंग गर्नुस् अनि बन्छ नेपाल ।'

प्रचण्डले यहीँनेर तत्कालीन नेकपा माओवादीले सञ्चालन गरेको सशस्त्र युद्धको बाँकी काम पुरा गर्नुपर्ने विषय सम्झाए । शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्ने जिम्मेवारी गगन थापाको काँधमा रहेको बताए ।

गगनले माओवादी युद्धलाई 'हिंसा' भनेर टिप्पणी गरे । प्रचण्डले त्यही इतिहासलाई आफ्नो राजनीतिक 'क्रमभंग'को यात्राका रूपमा प्रस्तुत गरे ।

नेकपा एमाले महासचिव शंकर पोखरेलको चिन्ता भने अर्कै थियो । उनले लोकतन्त्र र मुलुकको भविष्यलाई लिएर प्रश्न उठाए । पछिल्लो राजनीतिक परिस्थिति र भूराजनीतिक द्वन्द्वले नेपालको भविष्यबारे प्रश्न खडा गरेको उनको भनाइ थियो । महासचिव पोखरेलले सरकार र राजनीतिक दलबीच संवाद नभएको विषय पनि उठाए ।

विशेषगरी राष्ट्रिय मुद्दामा रवि लामिछानेले दलहरूलाई संवादमा ल्याउन गरेको प्रयास स्मरण गर्दै उनले प्रश्न गरे, 'रास्वपा सभापतिले संवादको प्रयास गर्दा सरकार किन संवादमा आउँदैन ?'

अर्थात्, यसरी एउटै मञ्चमा उभिएका नेताहरूका प्राथमिकता फरक थिए । ब्यानर कांग्रेसको महाधिवेशन थियो, तर भाषणमा कांग्रेस मात्रै थिएन । सत्ता, प्रतिपक्ष, लोकतन्त्र, निर्वाचन, संविधान, शान्ति प्रक्रिया र नयाँ पुस्ताको राजनीतिसम्मका विषय उठे ।

जहाँ एकातिर सबै दल एकै ठाउँमा रहने राजनीतिक संस्कारले निरन्तरता पायो । अर्कोतिर तर्क र तथ्यलाई आफूअनुकूल व्याख्या गर्दै राजनीतिक घोचपेच गर्ने थलो पनि त्यही महाधिवेशन उद्घाटनस्थल खुलामञ्च बन्यो ।

आइतबार सुरु भएको महाधिवेशनले कांग्रेसका नयाँ नेतृत्व चयन गर्नेछ । पार्टीको राजनीतिक र आर्थिक प्रतिवेदनमाथि समेत छलफल हुने उक्त महाधिवेशनमा ७ हजार ६ सयभन्दा बढी प्रतिनिधि सहभागी छन् ।

## कुवेतमा...

सुनिश्चित गरिएको प्रतिबद्धता र आवश्यक बिमासहितको कागजात प्राप्त गरी पुनः श्रम स्वीकृतिका लागि सिफारिस लिन सक्ने व्यवस्था छ । यस प्रक्रियाबाट उनीहरू नेपाल गई आवश्यक श्रम स्वीकृति पूरा गरेर पुनः सोही स्पोन्सरको घरमा वैधानिक रूपमा फर्कन सक्छन् ।

सुन्दा राम्रो व्यवस्था हो । कामदारले आफ्नो रोजगारी गुमाउनुपर्दैन, रोजगारदाताले अनुभवी कामदार पाउँछ र नयाँ कामदार खोज्ने झन्झट तथा खर्चबाट पनि बच्न सक्छ । तर प्रश्न यति मात्रै होइन । यो सुविधा कसका लागि, किन र कस्तो नीतिगत आधारमा उपलब्ध गराइएको हो ? अनि निर्धारित मितिपछि आएका महिलाको हकमा राज्यको दृष्टिकोण के हो ?सरकारी नीति बुझ्न खोज्दा कहिलेकाहीं सामान्य नागरिकले पनि टाउको कन्याउनुपर्ने अवस्था आउँछ । एउटै देशमा, एउटै प्रकृतिको काममा संलग्न श्रमिकमध्ये कसैले निश्चित मितिभन्दा अगाडि प्रवेश गरेको आधारमा कागजी प्रक्रिया पूरा गरेर पुनः श्रम स्वीकृति पाउने, तर त्यसपछि प्रवेश गरेकाले उही प्रक्रिया पूरा गर्न नपाउने अवस्था किन सिर्जना भयो ? मिति तोक्नुको आधार के हो ? यसको दीर्घकालीन समाधान के हो ? यी प्रश्नको स्पष्ट जवाफ सरकारले दिनुपर्छ ।

कुवेतमा नेपाली घरेलु महिला कामदारको नयाँ आगमनमा प्रतिबन्ध लागेको लामो समय भइसकेको छ । तर प्रतिबन्धका बाबजुद विभिन्न माध्यम र बाटोबाट नेपाली महिलाहरू कुवेत आउने क्रम रोकिएको छैन । उपलब्ध विवरणअनुसार पछिल्लो अवधिमा करिब ८० हजार नेपाली घरेलु महिला कामदार विभिन्न माध्यमबाट कुवेत पुगेको अनुमान छ । यो संख्या आफैंमा एउटा गम्भीर प्रश्न हो । यदि प्रतिबन्ध प्रभावकारी छ भने यति ठूलो संख्यामा कामदार कसरी आइपुगे ? यदि उनीहरूलाई ल्याउने संयन्त्र सक्रिय छ भने त्यसको जिम्मेवार को हो ? राज्यको नीति कार्यान्वयन गर्ने निकाय कहाँ छ ? र प्रतिबन्धको नाममा वैधानिक प्रक्रिया बन्द हुँदा अवैधानिक बाटो किन फस्टाइरहेको छ ?

यो तथ्यांकले नेपालको बेरोजगारीको अवस्था मात्र देखाउँदैन, वैदेशिक रोजगारको नाममा सक्रिय बिचौलिया संयन्त्रको पहुँच र प्रभाव कति गहिरो छ भन्ने संकेत पनि गर्छ । अर्कोतर्फ, कुवेतको घरेलु क्षेत्रमा नेपाली महिला कामदारको माग कति बलियो छ भन्ने पनि यसले प्रस्ट पार्छ । विडम्बना के छ भने, राज्यले औपचारिक रूपमा रोक लगाएको क्षेत्रमै नेपाली महिलाको श्रमको माग कायम छ । रोजगारदातालाई कामदार चाहिएको छ, नेपाली महिलालाई रोजगारी चाहिएको छ, तर दुवैलाई सुरक्षित र पारदर्शी रूपमा जोड्ने सरकारी प्रणाली प्रभावकारी हुन सकेको छैन ।

परिणामस्वरूप जोखिमपूर्ण बाटो, अनौपचारिक कारोबार र बिचौलियाको नियन्त्रण बलियो हुँदै गएको छ । प्रतिबन्धले समस्या समाधान गरेको भए आज दूतावासमा यति ठूलो संख्यामा महिलाको भविष्यसँग जोडिएका कागजातका लागि भिड लाग्ने थिएन । प्रतिबन्धको उद्देश्य श्रमिकको सुरक्षा हो भने त्यसको परिणाम पनि श्रमिककै हितमा देखिनुपर्छ । अन्यथा प्रतिबन्ध आफैंमा समाधान नभई अर्को समस्याको प्रवेशद्वार बन्न सक्छ ।

### स्पोन्सर आफैं कामदार बोकेर दूतावासमा

अहिलेको दृश्य अझ रोचक र विचारणीय छ । कुवेतका कतिपय स्पोन्सर स्वयं आफ्ना घरेलु कामदारलाई लिएर नेपाली दूतावास पुगिरहेका छन् । उनीहरूको उद्देश्य स्पष्ट छ, कामदार नेपाल जाऊन्, आवश्यक श्रम स्वीकृति पूरा गरून् र पुनः आफ्नै घरमा फर्किएर काम गरून् । किनकि उनीहरूलाई थाहा छ, घरको काम बुझिसकेको, परिवारका सदस्यसँग घुलमिल भइसकेको, भाषा र व्यवहार जानेको तथा काममा अनुभवी कामदार पाउनु सहज कुरा होइन । नयाँ कामदार ल्याउँदा लाग्ने आर्थिक खर्च, समय र व्यवस्थापनको झन्झट पनि कम छैन । यसरी हेर्दा रोजगारदाता र कामदार दुवैका लागि पुरानै सम्बन्धलाई निरन्तरता दिनु व्यावहारिक विकल्प बनेको छ ।

तर यसले अर्को गम्भीर प्रश्न पनि जन्माउँछ । कुवेतका रोजगारदाताले आफ्नो आवश्यकताअनुसार कामदारको निरन्तरता खोजिरहेका बेला नेपाल सरकारले किन सुरक्षित, व्यवस्थित र पारदर्शी पुनः श्रम स्वीकृति प्रणाली विकास गर्न सकिरहेको छैन ? कामदारलाई कानुनी प्रक्रियामा ल्याउने जिम्मेवारी राज्यको हो । तर जब राज्यको प्रणाली जटिल, अस्पष्ट वा सीमित हुन्छ, त्यसको फाइदा बिचौलियाले उठाउँछन् । श्रमिकले अनावश्यक खर्च बेहोर्नुपर्छ र जोखिम पनि आफैँले उठाउनुपर्छ ।

### दुई लाख नेपाली, सीमित जनशक्ति र असहज दूतावास

कुवेतमा करिब दुई लाख नेपाली रहेको सन्दर्भमा नेपाली राजदूतावासको जनशक्ति र भौतिक संरचनाको अवस्था पनि विचारणीय छ । सीमित सरकारी कर्मचारी, स्थानीय कर्मचारीसहितको सानो टोली र साँघुरो भवनबाट यति ठूलो नेपाली समुदायलाई सेवा दिनु आफैंमा चुनौतीपूर्ण काम हो । त्यसमाथि घरेलु महिला कामदारको पुनः श्रम स्वीकृतिसम्बन्धी कागजात, बिमा, स्पोन्सरको हस्ताक्षर, श्रमिकका व्यक्तिगत समस्या, राहदानी तथा अन्य कन्सुलर सेवाको चाप थपिएको छ ।

दूतावासका कर्मचारीलाई दोष दिएर मात्र यो समस्या समाधान हुँदैन । सीमित स्रोतसाधनमा काम गरिरहेका कर्मचारीमाथि सेवाग्राहीको अपेक्षा र दबाब दुवै बढेका छन् । कसैलाई आजै कागज चाहिएको छ, कसैलाई टिकट काटिसकेको चिन्ता छ, कसैलाई स्पोन्सरले दबाब दिएको छ । कसैको दसैंमा घर जाने सपना छ भने कसैको पुनः कुवेत फर्कन नपाइने हो कि भन्ने त्रास ।

भिडभित्रको अर्को दृश्य झन् संवेदनशील छ । सन् २०२४ सेप्टेम्बर २४ पछि कुवेत आएका महिलाहरू पनि आफूले किन यही सुविधा नपाउने भन्दै प्रश्न गरिरहेका छन् । उनीहरूको गुनासो पनि अस्वाभाविक होइन । उनीहरू पनि नेपाली नागरिक हुन्, उनीहरूले पनि श्रम गरेका छन् र उनीहरूलाई पनि सुरक्षित रूपमा घर फर्कने तथा वैधानिक रोजगारीमा पुनः जोडिने अधिकारबारे स्पष्ट जानकारी चाहिएको छ ।

एउटै दूतावासको परिसरमा कोही कागज पाउने खुसीमा छन्, कोही नपाउने पीडामा । कोही स्पोन्सरसँगै आएका छन्, कोही आफ्नो समस्या सुनाउने अवसर खोजिरहेका छन् । कसैको अनुहारमा आशा छ, कसैको आँखामा अन्योल । दृश्य हेर्दा लाग्छ, कुनै कूटनीतिक नियोगमा सेवा प्रवाह भइरहेको छैन, बरु एउटै मञ्चमा हाँसो, खुसी, पीडा, विवशता र आक्रोश मिसिएको चलचित्र चलिरहेको छ ।

तर यो चलचित्रको कथा काल्पनिक होइन । यसका पात्र वास्तविक नेपाली महिला कामदार हुन् । उनीहरूको जीवन, रोजगारी र परिवारको भविष्य दाउमा छ ।

### भागेर दूतावास, डिपोर्टेसन र फेरि शून्यबाट जीवन

घरेलु महिला कामदारको समस्या पुनः श्रम स्वीकृतिको कागजातमा मात्र सीमित छैन । रोजगारदाताको घरमा हिंसा, दुर्व्यवहार, तलब नपाउने, स्वतन्त्र आवतजावतमा प्रतिबन्ध, मानसिक यातना तथा अन्य जोखिमका कारण कतिपय महिला घर छाडेर सुरक्षित आश्रय खोज्दै दूतावास पुग्ने गरेका छन् । कतिपयको समस्या समाधान हुन्छ, कतिपयलाई उद्धार तथा आवश्यक समन्वयपछि स्वदेश फर्काइन्छ । डिपोर्टेसनको प्रक्रियाबाट नेपाल फर्कनुपर्ने अवस्थासमेत आउँछ ।

एकपटक विदेश पुगेकी महिला कामदारको जीवन त्यसपछि कति कठिन हुन्छ भन्ने कल्पना गर्न गाह्रो छैन । ऋण लिएर विदेश आएकी, परिवारको आर्थिक जिम्मेवारी बोकेकी र भविष्यमा केही गर्ने सपना देखेकी महिला जब असुरक्षित परिस्थितिका कारण बीचमै फर्कन बाध्य हुन्छिन्, त्यसको असर उनको व्यक्तिगत जीवनमा मात्र सीमित रहँदैन । परिवार, बालबालिका र आर्थिक अवस्थासमेत प्रभावित हुन्छन् ।

यस्तो अवस्थामा राज्यको जिम्मेवारी केवल उद्धार गरेर नेपाल पठाउनुमा समाप्त हुँदैन । किन त्यस्तो अवस्था आयो, कसरी रोक्न सकिन्छ, पीडितलाई कानुनी तथा आर्थिक सहायता कसरी उपलब्ध गराउने र पुनः रोजगारीमा जोडिन चाहनेलाई सुरक्षित विकल्प कसरी दिने भन्ने विषयमा पनि स्पष्ट नीति आवश्यक छ ।

### रेमिट्यान्स पठाउने हातलाई कहिलेसम्म जोखिममा राख्ने ?

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीको योगदानबारे सरकारका भाषण र तथ्यांकमा प्रशस्त चर्चा हुन्छ । तर ती तथ्यांकभित्रको श्रम, पसिना, आँसु र जोखिमबारे राज्यको व्यवहार कति संवेदनशील छ ?

घरेलु महिला कामदारले पठाउने रेमिट्यान्स केवल बैंक खातामा जम्मा हुने रकम होइन । त्यसमा कसैको छोराछोरीको विद्यालय शुल्क छ, कसैको घर निर्माणको सपना छ, कसैको बिरामी आमाबुवाको उपचार छ र कसैको परिवारलाई भोकबाट जोगाउने संघर्ष छ । यी महिलाले विदेशमा गरेको श्रमलाई आर्थिक योगदानका रूपमा स्वीकार गर्ने तर उनीहरूको सुरक्षित आवागमन, कानुनी हैसियत र सम्मानजनक रोजगारी सुनिश्चित गर्न नसक्ने हो भने राज्यको वैदेशिक रोजगार नीतिमाथि प्रश्न उठ्नु स्वाभाविक हो ।

अझ विडम्बना, घरेलु महिला कामदारलाई सुरक्षित रूपमा विदेश पठाउने औपचारिक प्रणाली कमजोर हुँदा उनीहरू बिचौलियाको भर पर्न बाध्य हुन्छन् । कसैले ऋण लिएर, कसैले आफन्तको सहयोगमा र कसैले जोखिमपूर्ण माध्यम अपनाएर विदेश पुग्छन् । विदेश पुगेपछि समस्या आए राज्यलाई गुहार्छन् । राज्यले उद्धार गर्छ, कागज बनाउँछ, फर्काउँछ । तर समस्याको जरो जहाँको त्यहीं रहन्छ । यो चक्र कहिलेसम्म ?

नयाँ सरकार गठन भएको पनि छ महिना पूरा भइसकेको छ । सरकार आफ्नै आन्तरिक चुनौती, राजनीतिक दबाब र राष्ट्रिय समस्यासँग जुधिरहेको होला । तर प्रवासमा रहेका नेपालीका समस्या सधैं प्राथमिकताको सूचीको अन्तिम पंक्तिमा राखिरहने हो ?

सरकारले घरेलु महिला कामदारको विषयमा अब स्पष्ट निर्णय गर्नुपर्ने बेला आएको छ ।

घरेलु महिला कामदारको वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने दीर्घकालीन नीति कहिले आउँछ ?

- प्रतिबन्धका बाबजुद हजारौं महिला विभिन्न माध्यमबाट कुवेत पुग्ने अवस्थाको जिम्मेवारी कसले लिने ?
- निश्चित मितिका आधारमा श्रमिकलाई फरक व्यवहार गर्नुपर्ने नीतिगत कारण र त्यसको समाधान के हो ?
- वैधानिक रूपमा काम गर्न चाहने महिलालाई बिचौलियाको भर नपरी श्रम स्वीकृति प्राप्त गर्ने सहज प्रणाली कहिले बनाइन्छ ?
- घरेलु कामदारको उद्धार, कानुनी सहायता, आश्रय र पुनःस्थापनाका लागि पर्याप्त बजेट तथा जनशक्ति कहिले सुनिश्चित गरिन्छ ?
- विदेशमा कार्यरत नेपालीको संख्या र आवश्यकताअनुसार दूतावासको जनशक्ति, भवन र सेवा प्रणाली विस्तार गर्ने योजना के छ ?

यी प्रश्न कुनै राजनीतिक दल वा सरकारविरुद्धको आग्रह मात्र होइनन् । यी प्रश्न राज्यको जिम्मेवारीसँग सम्बन्धित छन् ।

घरेलु महिला कामदारको विषयलाई केवल प्रतिबन्ध लगाउने वा खोल्ने दुई विकल्पमा सीमित गर्नु उचित हुँदैन । आवश्यक छ, श्रमिकको सुरक्षा, रोजगारदाताको जवाफदेहिता, पारदर्शी भर्ती प्रक्रिया, न्यूनतम पारिश्रमिक, बिमा, श्रम सम्झौता, नियमित अनुगमन र प्रभावकारी उद्धार संयन्त्रसहितको समग्र नीति ।

नेपाल सरकारले कुवेत सरकारसँग आवश्यक कूटनीतिक संवाद गरी घरेलु महिला कामदारको सुरक्षित र कानुनी रोजगारीका लागि व्यवहारिक बाटो खोज्नुपर्छ । श्रम स्वीकृति प्रक्रियालाई डिजिटल र पारदर्शी बनाउँदै वास्तविक रोजगारदाता र कामदारबीचको सम्बन्ध प्रमाणित गर्ने व्यवस्था गर्न सकिन्छ । बिचौलियाको अनावश्यक हस्तक्षेप र आर्थिक शोषण रोक्न प्रभावकारी अनुगमन आवश्यक छ । त्यसैगरी, दूतावासलाई पर्याप्त जनशक्ति, फराकिलो सेवा स्थल, डिजिटल अपोइन्टमेन्ट र सेवाग्राही व्यवस्थापनको सुविधा उपलब्ध गराउनुपर्छ । दुई लाखभन्दा बढी नेपालीको उपस्थिति रहेको मुलुकमा सीमित जनशक्तिबाट सबै समस्या समाधानको अपेक्षा गर्नु व्यावहारिक हुँदैन ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, घरेलु महिला कामदारलाई केवल रेमिट्यान्स पठाउने आर्थिक स्रोतका रूपमा होइन, अधिकार र सम्मान भएका नागरिकका रूपमा हेर्नुपर्छ ।

### अन्त्यमा

कुवेतस्थित नेपाली दूतावासको आजको भिड एउटा सामान्य प्रशासनिक दृश्य होइन । यो नेपालको वैदेशिक रोजगार नीतिको ऐना हो । यसले सरकारको निर्णय र वास्तविक श्रमिक जीवनबीच रहेको दूरी देखाइरहेको छ । यसले प्रतिबन्धको प्रभावकारितामाथि प्रश्न उठाइरहेको छ । यसले बिचौलिया संयन्त्रको शक्ति उजागर गरिरहेको छ । र सबैभन्दा बढी, विदेशमा श्रम गरिरहेका नेपाली महिलाको असुरक्षित अवस्थाप्रति राज्यको ध्यानाकर्षण गराइरहेको छ ।

दसैं आउँदैछ । कसैको घरमा नयाँ लुगा किन्ने तयारी छ, कसैको घरमा टीका लगाउने दिनको प्रतीक्षा छ । तर कुवेतमा कार्यरत ती महिलाका लागि दसैँको खुसी दूतावासबाट पाइने एउटा कागजमा अड्किएको छ । त्यो कागज पाए उनीहरू घर जान सक्छन्, श्रम स्वीकृति पूरा गरेर फर्कन सक्छन् । नपाए उनीहरूको रोजगारी, आम्दानी र भविष्य नै अन्योलमा पर्न सक्छ ।

राज्यले अब पनि उनीहरूको पीडा देख्न थप कति प्रमाण खोज्ने ? अझै कति महिला जोखिमपूर्ण बाटोबाट विदेश पुग्नुपर्ने ? अझै कति जना उद्धारको प्रतीक्षामा बस्नुपर्ने ? अनि अझै कति परिवारले आफ्ना चेलीबेटीको असुरक्षित रोजगारीको मूल्य चुकाउनुपर्ने ?

घरेलु महिला कामदारलाई प्रतिबन्धको अन्योलमा होइन, सुरक्षित रोजगारीको अधिकारमा जोड्ने समय आइसकेको छ ।

सरकारले प्रवासी नेपालीको पीडालाई कहिलेसम्म टाढाबाट हेरेर बस्ने ? अब निर्णय चाहिएको छ, आश्वासन होइन । नीति चाहिएको छ, कागजी प्रतिबन्ध होइन । र सबैभन्दा बढी, बिचौलियाको भरमा होइन, राज्यको भरोसामा विदेशमा श्रम गर्न पाउने व्यवस्था चाहिएको छ ।

## वैदेशिक...

उक्त दृष्टिकोण अगाडि सारेका हुन् । महाधिवेशन प्रतिनिधिहरूलाई उपलब्ध गराइएको प्रतिवेदनमा देशभित्र उत्पादन र सम्मानजनक रोजगारी विस्तारलाई राष्ट्रिय प्राथमिकता बनाउने तथा वैदेशिक रोजगारीलाई बाध्यता मात्र नभई सुरक्षित, व्यवस्थित र अधिकारमुखी बनाउने उल्लेख छ ।

कांग्रेसले प्रवासी नेपालीका अधिकार र सामाजिक सुरक्षालाई नीतिमा समेट्दै विदेशबाट आएको विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण बनाउने बताएको छ । उद्घाटन सत्रमा सभापति थापाले पटकपटक वैदेशिकरोजगारभित्रको पीडालाई उठाएर विदेशमा रहेका लाखौं नेपालीलाई सम्बोधनको प्रयास गरेका थिए ।

# स्वास्थ्य बिमामा राष्ट्रिय परिचयपत्र अनिवार्य

**काठमाडौं/मस**–स्वास्थ्य बिमा कार्यक्रममा आगामी पुस १ गतेदेखि १६ वर्ष उमेर पूरा गरेका नागरिकका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य हुने भएको छ । स्वास्थ्य बिमा बोर्डको बैठकले स्वास्थ्य बिमामा नयाँ आबद्धता, नवीकरण तथा स्वास्थ्य बिमाअन्तर्गतको सेवा प्राप्त गर्दा १६ वर्ष उमेर पूरा गरेका नागरिकको राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने निर्णय गरेको हो ।




बोर्डका अनुसार नयाँ व्यवस्था लागू भएपछि १६ वर्ष उमेर पूरा गरेका नागरिकले स्वास्थ्य बिमामा नयाँ आबद्धता गर्न, पुरानो आबद्धता नवीकरण गर्न तथा बिमाअन्तर्गत स्वास्थ्य सेवा लिन राष्ट्रिय परिचयपत्रको विवरण उपलब्ध गराउनुपर्नेछ ।

बोर्डले सामान्य तथा लक्षित वर्गअन्तर्गत रहेका सम्पूर्ण बिमित परिवारलाई आफ्नो विवरण अद्यावधिक गर्न आग्रह गरेको छ । बिमितले स्वास्थ्य बिमा बोर्डको विद्युतीय पोर्टलमार्फत आफ्नो व्यक्तिगत तथा पारिवारिक विवरण अद्यावधिक गर्न सक्नेछन् ।

राष्ट्रिय परिचयपत्रलाई स्वास्थ्य बिमा प्रणालीसँग जोड्ने निर्णयले बिमितको वास्तविक पहिचान सुनिश्चित गर्न सहयोग पुग्ने बोर्डको अपेक्षा छ । यसका साथै एउटै व्यक्तिको दोहोरो आबद्धता नियन्त्रण गर्न, बिमितको परिचयसम्बन्धी विवरण अद्यावधिक गर्न तथा उपचारपछि पेस हुने दाबी व्यवस्थापनलाई थप प्रभावकारी बनाउन पनि नयाँ व्यवस्थाले सहयोग पुग्ने जनाइएको छ ।

स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध नागरिकको संख्या बढ्दै जाँदा बिमितको सही पहिचान र विवरण व्यवस्थापन महत्त्वपूर्ण बन्दै गएको छ । राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरेपछि बिमा कार्यक्रममा आबद्ध व्यक्तिको विवरण थप व्यवस्थित हुने तथा दोहोरो आबद्धता नियन्त्रणमा सहयोग पुग्ने बोर्डको विश्वास छ ।

यसैबीच, स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत स्वास्थ्य सेवा खरिद तथा भुक्तानी प्रणालीलाई थप वैज्ञानिक र लागत प्रभावकारी बनाउन रणनीतिक खरिदसम्बन्धी अध्ययन कार्यदल गठन गर्ने निर्णयसमेत भएको छ ।

बोर्ड बैठकले स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत सेवा खरिद र त्यसबापत गरिने भुक्तानी प्रणालीको अध्ययन गर्न कार्यदल गठन गर्ने निर्णय गरेको हो । कार्यदलले स्वास्थ्य सेवा खरिदको वर्तमान अवस्था, लागत, प्रभावकारिता तथा सुधार गर्नुपर्ने विषयमा अध्ययन गरी गठन भएको ६० दिनभित्र प्रतिवेदन पेस गर्नुपर्नेछ ।

स्वास्थ्य बिमा कार्यक्रमलाई दीर्घकालीन रूपमा प्रभावकारी र दिगो बनाउन सेवा खरिद तथा भुक्तानी प्रणालीलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता देखिएको अवस्थामा रणनीतिक खरिदसम्बन्धी अध्ययनलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ । कार्यदलको प्रतिवेदनका आधारमा आगामी दिनमा स्वास्थ्य सेवा खरिद र भुक्तानी प्रक्रियामा सुधार गर्ने आधार तयार हुने अपेक्षा गरिएको छ ।

त्यस्तै, बोर्डले विद्युतीय स्वास्थ्य अभिलेख प्रणालीमार्फत प्राप्त डिजिटल स्वास्थ्य विवरण तथा उपचारसम्बन्धी दाबीलाई तोकिएको मापदण्ड पूरा भएमा मान्यता दिने निर्णय गरेको छ ।

विद्युतीय स्वास्थ्य अभिलेखमार्फत प्राप्त हुने बिरामीको स्वास्थ्य विवरण, उपचारसम्बन्धी जानकारी तथा दाबी विवरणलाई व्यवस्थित रूपमा प्रयोग गर्दा स्वास्थ्य बिमा दाबी परीक्षण र भुक्तानी प्रक्रियालाई थप प्रभावकारी बनाउन सकिने बोर्डको अपेक्षा छ ।

बोर्ड सचिवालयका अनुसार विद्युतीय स्वास्थ्य अभिलेख प्रणालीबाट प्राप्त विवरणलाई निर्धारित मापदण्डका आधारमा परीक्षण गरी स्वास्थ्य बिमाअन्तर्गतको दाबीका रूपमा मान्यता दिइनेछ । यसबाट स्वास्थ्य संस्थाले उपलब्ध गराउने उपचार विवरण र बिमा दाबीबीचको सम्बन्धलाई थप व्यवस्थित गर्न सहयोग पुग्नेछ ।

बैठकले पहिलो चरणमा रोग तथा उपचारको वर्गीकरणसम्बन्धी २ हजार १८९ वटा अनुकूलित अन्तर्राष्ट्रिय रोग वर्गीकरण संकेतलाई बिमा व्यवस्थापन सूचना प्रणालीमा प्रयोग गर्ने निर्णयसमेत गरेको छ ।

यी संकेतको प्रयोगबाट स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत उपचार भएका रोग तथा स्वास्थ्य अवस्थाको विवरणलाई विद्युतीय प्रणालीमा व्यवस्थित रूपमा अभिलेख राख्न तथा दाबी व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग पुग्नेछ ।

निःशुल्क आँखा शिविर

# २०५ जनाले पाए सेवा, ४८ जनाको मोतियाविन्दुको शल्यक्रिया गरिने

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ असोज

दृष्टिविहीनता निवारण तथा ग्रामीण क्षेत्रका नागरिकसम्म गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यका साथ रौतहटको बृन्दावनमा सञ्चालित बृहत् निःशुल्क आँखा शिविरमामा २०५ जनाले निःशुल्क आँखा स्वास्थ्य सेवा प्राप्त गरेका छन् ।




बृन्दावन नगरपालिका वडा नं. ३ स्थित विश्रामपुरमा आयोजित उक्त बृहत् निःशुल्क आँखा शिविरमा स्थानीय बालबालिका, ज्येष्ठ नागरिक तथा आर्थिक रूपमा विपन्न समुदायका व्यक्तिहरूले प्रत्यक्ष लाभ उठाएका छन् । युवा समाजसेवी लालबाबु पटेलको विशेष नेतृत्व तथा सक्रिय सहभागितामा सो शिविर सम्पन्न भएको हो ।

नेपालमा दृष्टिसम्बन्धी समस्या न्यूनीकरणका लागि क्रियाशील रुइत फाउन्डेसनको आर्थिक सहयोगमा यो कार्यक्रम सञ्चालन गरिएको हो । गौर आँखा अस्पताल, सिभिल ह्युमन अस्पताल चन्द्रपुर तथा विभिन्न लायन्स क्लबहरूको संयुक्त आयोजना र साझेदारीमा शिविर सञ्चालन गरिएको हो ।

शिविरमा २०५ जना बिरामीको आँखाको विस्तृत परीक्षण गरेर परामर्शसहित आवश्यक औषधि वितरण गरिएको थियो । परीक्षणका क्रममा ४८ जना बिरामीमा मोतियाविन्दुको जटिल समस्या देखिएकाले उनीहरूलाई निःशुल्क शल्यक्रियाका लागि छनोट गरिएको छ ।

छनोटमा परेका सबै ४८ जना बिरामीलाई आगामी आइतबार गौर आँखा अस्पतालमा अत्याधुनिक प्रविधिसहितको लेन्स प्रत्यारोपण गरी शल्यक्रिया गरिने व्यवस्था मिलाइएको छ ।

ग्रामीण भेगका बिरामीलाई यातायात र आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुनु नपरोस् भन्ने हेतुले विशेष व्यवस्था गरिएको गौर आँखा अस्पतालका कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले जनाए ।

पाण्डेका अनुसार छनोट भएका बिरामीहरूलाई अस्पतालसम्म ल्याउन र शल्यक्रियापश्चात् सकुशल घरसम्म पुऱ्याउनका लागि अस्पतालकै सवारी साधन प्रयोग गरिनेछ । शल्यक्रिया, लेन्स, औषधि, आवास तथा आवतजावतसहितका सम्पूर्ण सेवाहरू पूर्ण रूपमा निःशुल्क रहने अस्पताल प्रशासनले जनाएको छ ।

अन्धोपनविरुद्धको यो महाअभियानलाई जिल्लाव्यापी रूपमा निरन्तरता दिइने बताइएको छ । सोही क्रमअन्तर्गत आगामी असोज २७ गते रौतहटकै परोहा नगरपालिकास्थित जिंगडवामा पनि यस्तै निःशुल्क आँखा जाँच तथा उपचार शिविर सञ्चालन गरिने कार्यक्रम संयोजक पाण्डेले जानकारी दिए ।

स्थानीय तहमा सञ्चालित यस्ता सेवामूलक अभियानले विपन्न नागरिकलाई ठूलो राहत पुऱ्याएको भन्दै स्थानीयवासीले आयोजक समाजसेवी पटेल तथा प्राविधिक टोलीप्रति आभार व्यक्त गरेका छन् ।

# बेत्रावतीको बेलीब्रिज दसैंअघि सञ्चालनमा आउने



**रसुवा/मस**–नेपाली सेनाको नेतृत्वमा रसुवा-नुवाकोट सीमासँगै बेत्रावतीस्थित फलाखुखोलामा निर्माण भइरहेको बेलीब्रिज दसैंअघि सञ्चालनमा आउने भएको छ ।

गत भदौमा आएको बाढीले फलाखोलाको पक्की पुल बगाएपछि अवरुद्ध पासाङल्हामु मार्गमा बेलीब्रिज निर्माणपछि सडक यातायात सञ्चालनमा आउने भएको हो ।

नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार गल्छी-मैलुङ-स्याफ्रुबेंसी सडक सुधार आयोजनाले आगलीटार-बेत्रावती सडकखण्ड सञ्चालनमा ल्याएपछि बेलीब्रिज निर्माणका लागि आवश्यक सामग्री ढुवानी गर्न सहज भएको छ ।

'बेलीब्रिज जडानका क्रममा आवश्यक सामग्री बेत्रावतीस्थित निर्माणस्थलमा पन्छाइएको छ । बाढी प्रभावित जनतालाई राहत दिने सरकारी नीति तथा कार्यक्रमलाई मूर्तरूप दिन बडादसैंअघि नै बेलीब्रिज जडान गरी सवारीसाधन सञ्चालन गर्ने लक्ष्यका साथ काम भइरहेको छ,' प्रवक्ता बस्नेतले भने ।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले बेत्रावती बजार क्षेत्रमा ठूलो क्षति पुऱ्याउनुका साथै फलाखुखोलामा रहेका पुरानो र नयाँ दुवै पक्की पुल बगाएको थियो । पुल बगेपछि काठमाडौं-नुवाकोट हुँदै रसुवासम्मको सडक यातायात प्रभावित भएको छ ।

पुल नहुँदा रसुवाको दक्षिणी तथा उत्तरी क्षेत्रबीचको आवागमन, दैनिक उपभोग्य वस्तुको ढुवानी तथा अत्यावश्यक सेवा प्रभावित हुँदै आएको छ । बेलीब्रिज निर्माणपछि राजधानी काठमाडौंसँग रसुवाको सडक सम्पर्क सहज हुने अपेक्षा गरिएको छ ।

संविधानसभा सदस्य छोवाङ तेन्जिङ तामाङले दसैंअघि बेत्रावतीमा पुल तयार भए राष्ट्रिय चाडपर्वका समयमा सर्वसाधारणको आवतजावत सहज हुने बताए । उनले नुवाकोट हुँदै काठमाडौंसँग रसुवाको सडक यातायात पुनः जोडिने भन्दै बाढी प्रभावित क्षेत्रमा राहत, उद्धार तथा यातायात सञ्चालनका लागि भएका सरकारी काम र बाढीपछि नेपाली सेनाले खेलेको भूमिकाको प्रशंसा गरे ।

# कोरला नाकाको अवस्था बुझ्न मुस्ताङ पुगे चिनियाँ राजदूत



**मुस्ताङ/मस**-नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङ सात सदस्यीय टोलीसहित कोरला नाका हुँदै शनिबार उपल्लो मुस्ताङको लोमान्थाङ पुगेका छन् ।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्माका अनुसार चिनियाँ राजदूत कोरला नाकाबाट मुस्ताङ आएका हुन् । उनी तीनदिने भ्रमणका लागि लोमान्थाङ पुगेका हुन्। टोलीमा पाँच जना चिनियाँ नागरिक रहेको र आइतबार लोमान्थाङबाट कोरला नाका हुँदै चीनतर्फ प्रस्थान गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङका अनुसार कोरला नाकाको वस्तुस्थिति बुझ्न चिनियाँ राजदूत मुस्ताङ आएका हुन् ।

लामो समयदेखि बन्द रहेको तातोपानी नाकाको विकल्प बनेको केरुङ-भोटेकोशी क्षेत्र बाढीका कारण प्रभावित भएपछि कोरला नाका पुनः सञ्चालनको माग भइरहेका बेला चिनियाँ राजदूतको मुस्ताङ भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको छ । रसुवा र तातोपानी नाका बन्द भएपछि मुस्ताङ भन्सार कार्यालयले दैनिक करिब रु. ३० करोड राजस्व संकलन गर्दै आएको थियो ।

# सिद्धार्थ क्लब पोखराको अध्यक्षमा सुनिल श्रेष्ठ




**पोखरा/मस**– सिद्धार्थ क्लब पोखराको आर्थिक वर्ष २०८३/०८४ का लागि सुनिल श्रेष्ठ अध्यक्षमा निर्वाचित भएका छन् । क्लबको वार्षिक साधारण सभा तथा पदस्थापना समारोहबाट श्रेष्ठको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको हो । नवनिर्वाचित अध्यक्ष श्रेष्ठसहित नयाँ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले पद तथा गोपनीयताको शपथ ग्रहण गरेका छन् । निवर्तमान अध्यक्ष देवेन्द्र पराजुलीले नवनिर्वाचित अध्यक्ष श्रेष्ठलाई पदभार हस्तान्तरण गरेका थिए । निर्वाचन संयोजक इन्दिरा मर्सानी श्रेष्ठको संयोजनमा नयाँ नेतृत्व चयन गरिएको हो ।

प्रथम उपाध्यक्षमा नवराज गोठाजु, द्वितीय उपाध्यक्षमा प्रकाशमान श्रेष्ठ, निर्देशकमा ज्ञानेश्वर राज श्रेष्ठ, सचिवमा अनिल श्रेष्ठ, कोषाध्यक्षमा मदन मुल्मी, सहसचिवमा जमुना अधिकारी तथा सदस्यमा शशी मर्सानी र वीरेन्द्र बाटाजू चयन भएका छन् ।

समारोहमा गैरसरकारी संस्था महासंघ नेपाल, गण्डकी प्रदेशका अध्यक्ष पदम पहारी प्रमुख अतिथिका रूपमा सहभागी थिए। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, सल्लाहकार समिति संयोजक सचिन श्रेष्ठ, राष्ट्रिय फोटो पत्रकार समूहका केन्द्रीय अध्यक्ष प्रदीप राज वन्तलगायत विभिन्न संघसंस्था तथा सामाजिक क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति थियो ।

**'पदभन्दा विश्वास र जिम्मेवारी ठूलो'**

पदभार ग्रहण गर्दै अध्यक्ष श्रेष्ठले सिद्धार्थ क्लबलाई सेवा, सहकार्य, सद्भाव र सामाजिक उत्तरदायित्वको अभियानका रूपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे। उनले क्लबको विधान, नीति, नियम र मूल्य-मान्यतालाई आत्मसात् गर्दै पारदर्शिता, अनुशासन र प्रतिबद्धताका साथ काम गर्ने बताए ।

२०४१ सालमा स्थापना भएको सिद्धार्थ क्लबले शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका सशक्तीकरण, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा सामाजिक सेवाका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । अध्यक्ष श्रेष्ठले आफू २०७४ साल भदौ १० गते क्लबको सदस्यका रूपमा प्रवेश गरेको स्मरण गर्दै अध्यक्षको जिम्मेवारी प्राप्त हुनु आफ्ना लागि पदभन्दा पनि सदस्य तथा शुभेच्छुकहरूले दिएको विश्वास, सम्मान र थप जिम्मेवारी भएको बताए ।

उनले आगामी कार्यकालमा समाजको आवश्यकता पहिचान गरी प्रभावकारी, परिणाममुखी र दिगो कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सिद्धार्थ क्लबले हालै भोटेकोसी क्षेत्रमा आएको बाढी तथा पहिरोबाट प्रभावित परिवारको सहयोगका लागि ५ लाख २० हजार ३३६ रुपैयाँ संकलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको जानकारी कार्यक्रममा दिइयो ।

अध्यक्ष श्रेष्ठले विपद्का समयमा मानवीय सहयोग र सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै आगामी दिनमा पनि आवश्यकताअनुसार राहत तथा सहयोगका कार्यक्रम सञ्चालन गर्ने बताए ।

नवनिर्वाचित अध्यक्ष श्रेष्ठले आफ्नो कार्यकालको सुरुवातमै बालबालिकाको शिक्षाका लागि २ लाख रुपैयाँको अक्षय कोष स्थापना गर्ने घोषणा गरेका छन् ।

उनले आफ्ना स्वर्गीय बुबा डिलबहादुर श्रेष्ठको स्मृतिमा 'स्वर्गीय डिलबहादुर श्रेष्ठ स्मृति अक्षय कोष' स्थापना गर्ने घोषणा गरेका हुन् । उक्त कोष सिद्धार्थ क्लब पोखरामार्फत सञ्चालन गरी आर्थिक अभावका कारण शिक्षाबाट वञ्चित हुनुपर्ने बालबालिकालाई शैक्षिक सहयोग उपलब्ध गराउने उद्देश्य राखिएको छ ।

श्रेष्ठले परिवारको तर्फबाट क्लबलाई रु. २ लाख हस्तान्तरण गर्ने घोषणा गर्दै आगामी वर्षहरूमा कोषको रकम थप गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरे ।

'बुबाको स्मृतिलाई सम्झनामा मात्र सीमित नराखी सामाजिक सेवासँग जोड्ने उद्देश्यले यो अक्षय कोष स्थापना गर्न लागेको हुँ,' श्रेष्ठले भने ।

बाल शिक्षा, स्वास्थ्य र सामाजिक सेवामा प्राथमिकता

पदस्थापना समारोहमा क्लबको बाल शैक्षिक कार्यक्रमअन्तर्गत विद्यालय पोशाक तथा स्टेशनरी वितरण, आर्थिक रूपमा कमजोर विद्यार्थीलाई सहयोग तथा २०८२ सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई सम्मान गरिएको थियो ।

क्लबले आगामी दिनमा बाल शिक्षा, स्वास्थ्य, महिला सशक्तीकरण, वातावरण संरक्षण तथा सामाजिक सेवाका कार्यक्रमलाई थप व्यवस्थित बनाउने जनाएको छ ।

अध्यक्ष श्रेष्ठले क्लबका सम्पूर्ण सदस्य, पदाधिकारी, पूर्वअध्यक्ष तथा शुभेच्छुकलाई आपसी सद्भाव, सहकार्य र विश्वासका साथ संस्थालाई अझ प्रभावकारी र समाजका लागि भरोसायोग्य संस्था बनाउन सहयोग गर्न आग्रह गरे ।

# अति सीमान्तकृत बराम जातिको 'प्रथम फुटसल कप' सम्पन्न

**काठमाडौं/मस**– नेपालका सूचीकृत ६० आदिवासी जनजातिहरूमध्ये अति सीमान्तकृत समूहमा पर्ने बराम जातिको एक भव्य फुटबल प्रतियोगिता शनिबार काठमाडौंमा सम्पन्न भएको छ ।

नेपाल बराम समाजद्वारा आयोजित 'प्रथम फुटसल कप' प्रतियोगिता बुढानिलकण्ठस्थित देवी स्पोर्ट्स हाउसमा दिनभर सञ्चालन भएको थियो । काठमाडौं उपत्यका तथा आसपासका विभिन्न क्षेत्रबाट प्रतियोगितामा कुल २४ टोलीहरूको सहभागिता रहेको थियो ।




नेपाल बराम समाजका खेलकुद संयोजक विक्रम बरामका अनुसार प्रतियोगिताको रोमाञ्चक फाइनल खेलमा थुमी युवा क्लबले गाउँले एकता बराम क्लबलाई ३-२ गोलको प्रतिस्पर्धात्मक अन्तरले पराजित गर्दै प्रथम स्थान हासिल गरेको छ । फाइनल खेलमा पराजित गाउँले एकता बराम क्लब भने प्रतियोगितामा दोस्रो स्थानमा सीमित बनेको छ ।

आयोजकका अनुसार यस फुटसल कप प्रतियोगिता सञ्चालनका लागि सहभागी प्रत्येक टोलीबाट ३ हजार ५ सय प्रवेश शुल्क उठाइएको थियो । प्रतियोगितामा सर्वोत्कृष्ट प्रदर्शन गर्दै विजेता बनेको थुमी युवा क्लबले पुरस्कार स्वरूप नगद २० हजार र आकर्षक ट्रफी प्राप्त गरेको छ । त्यसैगरी, दोस्रो स्थान हासिल गर्ने गाउँले एकता बराम क्लबले नगद १० हजार र ट्रफी प्राप्त गरेको छ ।

प्रतियोगिताभरि व्यक्तिगत रूपमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरूलाई पनि विशेष विधागत पुरस्कारद्वारा पुरस्कृत गरिएको छ । गाउँले एकता बराम क्लबका सन्देश बराम 'उत्कृष्ट खेलाडी' घोषित भए भने थुमी युवा क्लबका सचिन बरामले 'उत्कृष्ट किपर' को उपाधि प्राप्त गरे । त्यसैगरी, अन्नपूर्ण युवा क्लबका मनोज बराम प्रतियोगिताभरि सर्वाधिक ८ गोल गर्न सफल भई 'सर्वाधिक गोलकर्ता' का रूपमा पुरस्कृत भएका छन् ।

कार्यक्रमको उद्देश्य र यसको सामाजिक महत्वबारे जानकारी दिँदै नेपाल बराम समाजका अध्यक्ष सागर बरामले भने, 'काठमाडौंको विभिन्न ठाउँमा छरिएर बसेका बराम जातिका युवाहरूलाई आफ्नो जातिको बारेमा जानकारी दिनुका साथै युवाहरूलाई एकजुट बनाउने उद्देश्यसहित यो फुटबल प्रतियोगिताको आयोजना गरिएको हो ।'

अध्यक्ष बरामका अनुसार समाजले सञ्चालन गर्ने यस्ता युवा लक्षित कार्यक्रमहरूले बराम युवाहरूमा आफ्नो जाति, संस्कृति तथा पहिचानको संरक्षण र प्रवर्धन गर्नुपर्छ भन्ने सकारात्मक भावनाको विकास हुने विश्वास लिइएको छ ।

नेपाल सरकारद्वारा सूचीकृत आदिवासी जनजातिहरूमध्ये अति सीमान्तकृत १२ जनजाति समूहभित्र पर्ने बराम जातिको कुल जनसंख्या हाल करिब ८ हजार (७,८५९) मात्र रहेको छ । जसमध्ये ६३७ जना काठमाडौं उपत्यकामा बसोबास गर्छन्। समाजका संरक्षक प्रेम बरामका अनुसार यस अति सीमान्तकृत जातिले बोल्ने मौलिक भाषा 'बालकुरा' हाल लोपोन्मुख अवस्थामा पुगेको छ । लोपोन्मुख भाषा र संस्कृतिको पृष्ठभूमिमा यस्ता खेलकुद तथा सामुदायिक कार्यक्रमहरूले युवा वर्गलाई आफ्ना मौलिक पहिचानप्रति सचेत गराउन सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१९ असोज २०८३ सोमबार
5 October 2026 Monday

## सम्पादकीय

# खुलामञ्चको राजनीतिक सन्देश

दशकपछि खुलामञ्च फेरि राजनीतिक बहसको केन्द्र बन्यो । नेपाली कांग्रेसको १५औं महाधिवेशन उद्‌घाटनका क्रममा एउटै मञ्चमा सत्ता र प्रतिपक्षका प्रमुख नेताहरू उभिए । कांग्रेस सभापति गगन थापा, रास्वपा सभापति रवि लामिछाने, नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र एमाले महासचिव शंकर पोखरेलका अभिव्यक्तिले नेपाली राजनीतिमा देखिएको शक्ति–सन्तुलन, असन्तुष्टि र परिवर्तनको चाहना एकै ठाउँमा सुनियो । खुलामञ्च आफैंमा राजनीतिक प्रतीक हो । यही ठाउँबाट विगतमा असहमति, आन्दोलन र परिवर्तनका आवाज उठे । यसपटक पनि मञ्चमा भाषणभन्दा ठुलो विषय त्यहाँ देखिएको राजनीतिक संवाद थियो । गगन थापाले संसदभित्रै 'खुलामञ्च' आवश्यक रहेको बताए । संसद्‌मा प्रधानमन्त्रीको उपस्थितिसँग जोडेर उनले लोकतन्त्रमा जवाफदेहिता र संवादको आवश्यकता औंल्याए ।

रास्वपा सभापति रवि लामिछानेको स्वर प्रतिपक्षको भन्दा पनि सत्तापक्षको आत्मविश्वास र कांग्रेसमाथिको राजनीतिक प्रश्न दुवै बोकेको देखिन्थ्यो । कांग्रेसको इतिहासलाई शक्ति पनि र कमजोरी पनि भन्नु, विगतको मतलाई स्थायी स्वामित्व नमान्नु र नयाँ राजनीतिक शक्तिको उदयलाई सम्झाउनु उनको सन्देश थियो । थापाको जवाफ पनि स्वाभाविक रूपमा राजनीतिक थियो । कांग्रेसले रास्वपालाई नेतृत्वदेखि संसद्‌सम्म पुर्‍याउन भूमिका खेलेको स्मरण गराउँदै उनले प्रतिवाद गरे । दुवै पक्षले आगामी राजनीतिक उत्तरदायित्वको खाकाभन्दा विगतको घोचपेचमै समय खर्चिए । प्रचण्डले 'क्रमभंग'को प्रसंग उठाउँदै थापा र लामिछानेलाई नयाँ बाटो रोज्न सुझाए । एमालेका शंकर पोखरेलले पनि निरास युवालाई थप निरास हुन नदिन पुराना राजनीतिक शक्तिबीच सहकार्यको आवश्यकता औंल्याए ।

कांग्रेसको महाधिवेशनमा यी अभिव्यक्ति आउनु आफैंमा बदलिएको राजनीतिक परिस्थिति बुझ्ने अवसर हो । तर खुलामञ्चको मूल सन्देश नेताहरूको घोचपेचभन्दा पर छ । जनताले राजनीतिक दलसँग इतिहासको गौरव मात्र होइन, वर्तमानको जवाफ र भविष्यको बाटो खोजिरहेका हुन्छन् । नयाँ पुस्ताले अनुहार परिवर्तन मात्रै होइन, व्यवहार, कार्यशैली र परिणाममा परिवर्तन खोजेको छ । कांग्रेसका लागि यो महाधिवेशन संगठन पुनर्संरचनाको अवसर हो भने सत्तापक्षका लागि शासनको जवाफदेहिता देखाउने समय । प्रतिपक्षका लागि सरकारलाई प्रश्न गर्ने अधिकारसँगै वैकल्पिक दृष्टिकोण प्रस्तुत गर्ने जिम्मेवारी पनि उत्तिकै महत्त्वपूर्ण छ ।

खुलामञ्च फेरि खुला भयो । त्यहाँ उठेका आवाज संसद्, सरकार र दलभित्र कति खुला होलान् ? लोकतन्त्रको वास्तविक खुलामञ्च भाषण गर्ने ठाउँमा होइन, प्रश्न सुन्ने, जवाफ दिने र जनतासामु उत्तरदायी हुने राजनीतिक संस्कारबाट निर्माण हुनेछ ।

## इतिहासको पाना

● रतन भण्डारी

# राजा त्रिभुवनले फ्रान्समा पाएको सर्वोच्च सम्मान



फ्रान्सको एलिजे दरबारमा तत्कालीन राजा त्रिभुवन । स्वास्थ्य उपचारका लागि स्विट्‌जरल्यान्ड पुगेका राजा त्रिभुवन उपचारपछि रोम हुँदै ७ डिसेम्बर १९५३ मा रानीहरूका साथ पेरिस पुगेका थिए । पेरिसमा उनलाई फ्रान्सेली राष्ट्रपति भिन्साँ ओरियोलले स्वागत गरेका थिए । दुई दिनपछि ९ डिसेम्बरमा एलिजे दरबारमा राजा त्रिभुवनको सम्मानमा दिवाभोजको आयोजना गरिएको थियो । सो अवसरमा फ्रान्सेली गणतन्त्रको सर्वोच्च सम्मान 'ग्रान्ड क्रस अफ द लिजियन अफ अनर' राजा त्रिभुवनलाई प्रदान गरिएको थियो । समारोहमा उनलाई उक्त सम्मानको प्रतीकस्वरूप लिजियन अफ अनरको फराकिलो फिता धारण गराइएको थियो ।

# विकासको नयाँ बाटो

नेपालको विकास अब डाँडा काटेर सडक बनाउने, नदी थुनेर बस्ती बसाउने र खेतीयोग्य जमिनलाई घडेरीमा बदल्ने सोचबाट अघि बढ्न सक्दैन । प्रकृति संरक्षण, योजनाबद्ध भू-उपयोग, उत्पादनमुखी अर्थतन्त्र, विपद्‌प्रतिरोधी पूर्वाधार र सुशासनमा आधारित आफ्नै भूगोल सुहाउँदो विकास मोडल आवश्यक छ । विकासको केन्द्रमा मानिस, उत्पादन र भावी पुस्ताको सुरक्षित भविष्यलाई राख्नुपर्छ । यही नै नेपालको दिगो समृद्धिको बाटो हो ।

## अग्रलेख



● खिमराज गिरी

नेपाल भूपरिवेष्ठित मुलुक हो । तर प्रकृतिले हामीलाई समुद्र नदिए पनि नदी, ताल-तलैया, हिमाल, पहाड, जंगल, जडीबुटी, जल, तराईको समथर भाग, उपत्यका तथा उर्वर भूमि दिएको छ । यही प्राकृतिक विविधता नै नेपालको लागि सबैभन्दा ठुलो सम्पत्ति हो । त्यसैले अबको विकासको मोडल पनि यही भूगोल, यहाँको परिस्थिति, अन्तर्राष्ट्रिय परिवेश, प्राकृतिक भू-बनोट र जनजीवन सुहाउँदो हुनुपर्दछ ।

विगतमा जब राणाशासनको अन्त्य भयो र पञ्चायती व्यवस्थामा पनि विकासका केही मोडल ल्याइएका थिए । दुई ठुला छिमेकी राष्ट्रसँग समन्वय गरेर विकासको खाका तयार पारिएको थियो । पछि ४६ सालमा प्रजातन्त्र आयो । बोल्ने, हिँड्नेलगायत विविध स्वतन्त्रता मानिसले प्राप्त गरे । तर बढी स्वतन्त्रता पनि नैतिकताहीनता र अराजकताको पराकाष्ठा बन्न सक्छ भन्ने कुराको उदाहरण विगतदेखि वर्तमानसम्म र अन्य मुलुकको विकासको खाका हेर्दा पनि थाहा हुन्छ ।

विगतमा विकास भनेको सडक, पुल, बाटा, सहरमा ठुला भवन र सहरीकरण नै मुख्य उपलब्धि मानियो । जुन अहिले सकारात्मक परिवर्तनको रूपमा देखापरे पनि अर्कोतिर दिनानुदिन अभिशापको रूपमा देखापरेको अवस्था छ । पहाडका डाँडापाखा र जंगल चिर्दै जथाभावी सडक खन्ने, नदी तथा खोलाको प्राकृतिक बहावमा बस्ती बसाउने, खेतीयोग्य जमिनलाई घडेरीमा बदल्ने र भूगोलको अध्ययनबिना पूर्वाधार निर्माणको कार्य अघि बढाउने प्रवृत्तिले अर्को भयानक जोखिम निम्त्याएको छ । अझ भविष्यमा पनि सुझबुझका साथ काम गरिएन भने यसले झन् विकराल रूप लिन सक्ने सम्भावनालाई नकार्न सकिँदैन ।

विश्व बैंकले पनि नेपालमा अव्यवस्थित भू-उपयोग र अनियन्त्रित बस्ती विस्तारले उत्पादनशील जमिन तथा वातावरणमा ठुलो क्षति पुर्‍याएको जनाएको छ । आज बाढी-पहिरो, भूक्षय र जलवायुजन्य विपत्तिको जोखिम बढिरहेको छ । हालैको रसुवा-भोटेकोशी बाढीले ठुलो धनजनको क्षति पुर्‍याएको छ । विश्व बैंकले सेप्टेम्बर २०२६ मा उक्त विपत्तिपछि नेपाललाई तत्काल पुनर्स्थापना तथा पूर्वाधार निर्माणका लागि करिब १७० मिलियन डलरसम्मको आकस्मिक सहयोग उपलब्ध गराउने जनाएको छ । यसको अर्थ के हो भने अबको विकास भनेको विपद् सहन सक्ने पूर्वाधारसहितको हुनुपर्दछ ।



**अब खोलालाई ठाउँ, खेतलाई संरक्षण**

नेपाल सरकारले अब एउटा स्पष्ट नीति लिनु आवश्यक छ–खोला किनारमा बस्ती होइन, खोलालाई आफ्नो प्राकृतिक बहावको ठाउँ, खेतीयोग्य जमिनमा प्लटिङ होइन, उत्पादन । जोखिमयुक्त भूभागमा अन्धाधुन्ध सडक होइन, वैज्ञानिक पूर्वाधार अनिवार्य चाहिन्छ ।

यसका लागि भू-उपयोग नीति कागजमा मात्र सीमित नभई व्यवहारमा पनि लागू गर्न सक्ने कानुनी आधार स्पष्ट तय गर्न सक्नुपर्दछ । यसको मतलब कुन ठाउँमा बस्ती बसाउने, कहाँ खेती गर्ने, कहाँ उद्योग-कलकारखाना सञ्चालन गर्ने, कुन क्षेत्रमा वन जोगाउने र कुन क्षेत्रलाई जोखिमयुक्त क्षेत्रका रूपमा चिन्ने भन्ने कुराको पहिचान गर्नु अति आवश्यक भइसकेको छ ।

अहिले नेपालको आर्थिक आधार भनेको कृषि हो । तर कृषियोग्य जमिन लगातार सडक र बस्तीमा रूपान्तरण हुँदै गइरहेको वर्तमान परिप्रेक्ष्यमा भोलिका दिनमा खाद्यान्नमा समेत पूर्ण रूपमा विदेशसँग निर्भर रहने दिन नआउला भन्न सकिन्न । यसर्थ खेतीयोग्य जमिन जोगाउन स्थानीय तहदेखि केन्द्रसम्म वैज्ञानिक नक्सांकन अति आवश्यक रहन्छ । यसले ग्रामीण क्षेत्रमा आयआर्जनका माध्यमबाट आम्दानीको स्रोत बढाउनसमेत टेवा पुर्‍याउँछ । त्यसका लागि शीतभण्डार, प्रशोधन उद्योग र बजारलाई एउटै शृंखलामा जोड्नुपर्दछ ।

**सडक होइन, स्मार्ट पूर्वाधार**

नेपालजस्तो डाँडाकाँडा भएको मुलुकमा सडक पूर्वाधार अनिवार्य सर्त हो । तर जहाँ सम्भव हुन्छ, त्यहाँ एउटै डाँडा काटेर सडक बनाउनु नै विकासको एकमात्र उपाय होइन । पहाडमा सुरुङ, सुरक्षित पुल, वैकल्पिक मार्ग, रेल तथा केबलकारजस्ता विकल्पको प्राविधिक र आर्थिक अध्ययन आवश्यक छ ।

तर सुरुङ बनाउँदैमा दिगो विकास हुन्छ भन्ने होइन । सुरुङको भूगर्भ, पानीको निकास, भूकम्पीय जोखिम, निर्माण लागत, मर्मत खर्च र यातायातको वास्तविक आवश्यकता अध्ययन गर्नुपर्दछ । जस्तै, जापानको पहाडी भूभागमा सीमित जमिनका कारण सुरुङलाई सडक पूर्वाधारमा व्यापक रूपमा प्रयोग गरेको छ । तर त्यहाँ सुरुङसँगै ढल निकास, पहिरो नियन्त्रण, नियमित निरीक्षण र वैकल्पिक यातायात सञ्जाललाई पनि महत्त्व दिइन्छ ।

उता नेपालको जस्तै भूगोल भएको देश स्विट्‌जरल्यान्डले पनि आल्प्स पर्वत छिचोल्दै गोथार्डलगायत आधार सुरुङमार्फत सडकभन्दा रेल यातायातलाई प्राथमिकता दिने मोडल अघि बढाएको छ । यसको उद्देश्य केवल सुरुङ निर्माण गर्नु होइन, मालसामानको ढुवानी सडकबाट रेलमा सार्दै वातावरणीय प्रभाव घटाउनु हो । यसबाट नेपालले पनि सिक्नुपर्ने कुरा हो कि सुरुङ आफैं विकास होइन, सही उपयोगका लागि विकासको साधन हो ।

**नदीसँग लड्ने होइन, सँगै बाँच्ने हो**

नेपालले अर्को ठुलो पाठ नेदरल्यान्ड्सबाट पनि सिक्न सक्छ । त्यहाँ बाढी नियन्त्रणका लागि नदीलाई चारैतिरबाट बाँधेर थुन्ने मात्र होइन, नदीलाई फैलिन सक्ने ठाउँ पनि दिने 'रुम फर द रिभर'को अवधारणा अपनाइएको छ । कतिपय ठाउँमा बाँध पछाडि सार्ने, बाढी मैदान फराकिलो बनाउने र पानीका लागि अतिरिक्त मार्ग बनाउने काम पनि गरिएको छ ।

नेपालमा पनि खोलाको किनारमा अतिक्रमण गरेर घर बनाउने र बाढी आएपछि तटबन्ध थप्नेभन्दा नदी क्षेत्रको संरक्षण, बाढी क्षेत्रको नक्सांकन र जोखिमयुक्त बस्तीको चरणबद्ध स्थानान्तरण आवश्यक छ ।

नेपालमा पुराना उद्योग बन्द हुँदै जानु, रोजगारीको अभावमा युवाहरू बिदेसिनु र गाउँका खेतबारी बाँझिँदै जानु केवल आर्थिक समस्या मात्र होइन, विकास मोडलकै प्रश्न हो । विश्व बैंकले पनि रोजगारी र विपत्तिसँग जुध्नका लागि नेपाललाई प्राथमिकतामा राखेको छ । त्यसैले नयाँ मोडलमा कृषि, पर्यटन, जलविद्युत्, सूचना प्रविधि, वन, जडीबुटी, साना तथा मझौला उद्योग र स्थानीय उत्पादनलाई जोड्नुपर्दछ ।

वास्तवमा गाउँमा उत्पादन, जिल्ला तहमा प्रशोधन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म यसको पहुँच पुग्यो भने मात्र आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।

अहिले सामाजिक सञ्जालले समाजलाई निकट पनि तुल्याएको छ भने अर्कोतर्फ भ्युज बढी आउने निहुँमा मिसइन्फर्मेसन, डिसइन्फर्मेसनको ख्यालै नगरी कन्टेन्ट फ्लो गर्दा समाजमा विकृति र विसंगतिको जरा नराम्रोसँग गडेको छ । वैमनस्यता बढेको छ । पारिवारिक मेलमिलाप घटेको छ ।

परिवारमा भोलिको योजना के हो भन्ने कुरा आज हुनुपर्ने हो । तर आ-आफ्नो बन्द कोठामा सबै परिवार व्यस्त देखिएपछि केको सामञ्जस्यता ? यसमा डिजिटल प्रविधिलाई दोष दिनुभन्दा पनि यसको सही अर्थमा प्रयोग नगर्नु नै दोषी हुन्छ । तसर्थ जिम्मेवार पत्रकारिता र नागरिकमा नैतिक शिक्षा तथा सामाजिक दायित्वबोध गराउन शिक्षा नीतिमा परिवर्तन गर्नुपर्दछ । अहिले प्राथमिक र माध्यमिक तहबाट नै व्यावहारिक तथा नैतिक शिक्षा राख्न जरुरी छ । अन्यथा भोलिका पुस्ताले यो समाजलाई कता लैजाने हुन् भन्नेमा द्विविधा नै छ ।

**अबको नेपाली विकासको सूत्र**

नेपालका लागि दिगो विकासको मोडल पाँच आधारमा उभिन सक्छ-प्रकृति संरक्षण, योजनाबद्ध भू-उपयोग, उत्पादनमुखी अर्थतन्त्र, विपद्‌प्रतिरोधी पूर्वाधार र सुशासन ।

विश्व बैंकको नेपाल जलवायु तथा विकाससम्बन्धी अध्ययनले पनि पानी, कृषि र वनलाई एकीकृत रूपमा व्यवस्थापन गर्न, सहरीकरणलाई व्यवस्थित बनाउन र कम कार्बन तथा जलवायु लचिलो पूर्वाधारमा जोड दिनुपर्ने कुरा देखाएको छ ।

अब नेपालले विकासको परिभाषा बदल्नुपर्दछ । डाँडा काटेर सडक निर्माण गरी विकासको मोडल देखाउनुभन्दा डाँडा जोगाएर कसरी यातायातको पहुँच पुर्‍याउन सकिन्छ भन्ने कुरामा विदेशी प्रविधि प्रयोग गर्नु जरुरी छ । नदी किनारमा घर बनाएर सहरीकरणको विकास हुँदैन । नदी-खोलालाई आफ्नो ठाउँ दिनुपर्दछ । खेतीयोग्य जमिनमा खेती नै लगाउनुपर्दछ र सुरक्षित बस्ती विकासको योजना अगाडि सार्नुपर्दछ ।

अर्को महत्त्वपूर्ण कुरा राजनीतिमा सरकार आउँछन्, जान्छन् । तर विकासको नीतिलाई कुनै पक्षपात र वैरभाव नराखी निरन्तर रूपमा अगाडि बढाउनुपर्दछ ।

अन्त्यमा, नेपालले विकासको मोडललाई अरू देशको हुबहु नक्कल गर्नुभन्दा पनि आफ्नै भूगोल र माटो सुहाउँदो दिगो विकास नीति अगाडि सार्नुपर्दछ । नेपालले आफ्नै हिमाल, पहाड, तराई र विभिन्न प्राकृतिक स्रोतसाधनको सही सदुपयोग हुने गरी नयाँ विकासको मोडललाई अगाडि सार्नुपर्दछ ।

त्यसैले अबको बाटो भनेको 'प्रकृतिसँग मिलेर विकास, उत्पादनसँग जोडिएको अर्थतन्त्र र भावी पुस्ताका लागि सुरक्षित नेपाल' भन्ने नारालाई सार्थकतामा बदल्न सक्नुपर्दछ ।

# इरान युद्धको उल्टो परिणाम

## उपभोक्ता



● मोहनकुमार दाहाल

*अमेरिका-इजरायलले इरानको आणविक क्षमता रोक्न थालेको युद्धले उल्टै आणविक जोखिम बढाएको छ । सैन्य आक्रमणले इरानको शासन ढाल्न सकेन, आणविक कार्यक्रम पूर्णतः रोक्न सकेन । बरू तेहरानलाई आणविक प्रतिरोधबारे पुनर्विचार गर्ने, साउदीलगायत क्षेत्रीय शक्तिलाई आणविक होडतर्फ धकेल्ने र विश्वव्यापी अप्रसार व्यवस्थालाई कमजोर बनाउने जोखिम बढाएको छ ।*

अमेरिका-इजरायलले इरानको आणविक र मिसाइल क्षमता नष्ट गर्ने उद्देश्यसहित सन् २०२६ फेब्रुअरी २८ मा सुरु गरेको सैन्य आक्रमणले अपेक्षित परिणाम दिन सकेन । आधा वर्षभन्दा बढी समय बित्दा पनि इरानको शासन ढलेन, उसको प्रतिरोध क्षमता समाप्त भएन र आणविक कार्यक्रम निर्णायक रूपमा रोकिएन । बरु युद्धले मध्यपूर्वमा आणविक हतियारको होडबाजी बढ्ने नयाँ जोखिम जन्माएको छ ।



यसको सबैभन्दा गम्भीर पक्ष के हो भने अमेरिका र इजरायलले जुन खतरा रोक्न युद्ध सुरु गरेका थिए, युद्धपछि त्यही खतरा अझ बलियो हुन सक्ने अवस्था बनेको छ । इरानको आणविक क्षमतालाई सैन्य शक्तिबाट दबाउने प्रयासले तेहरानलाई एउटा कठोर रणनीतिक प्रश्नतर्फ धकेलेको छ-यदि आणविक हतियार नहुँदा पनि आक्रमणबाट जोगिन सकिँदैन भने अन्तिम प्रतिरोधका रूपमा आणविक हतियार आवश्यक छ कि छैन ?

**'आणविक सुप्तताटको जोखिम**

बर्सौंदेखि इरानले आणविक हतियार निर्माणको अन्तिम सीमा नाघेको छैन । तर युरेनियम संवर्द्धन, उन्नत सेन्ट्रिफ्युज र भूमिगत आणविक संरचनाका कारण उसले आवश्यक परे छोटो समयमा हतियार निर्माण गर्न सक्ने क्षमता विकास गरेको छ । यही अवस्थालाई 'आणविक सुप्तता' भन्न सकिन्छ । यस रणनीतिको उद्देश्य स्पष्ट थियो-आणविक हतियार नबनाई त्यसको सम्भावित क्षमता कायम राख्ने र त्यसबाट प्रतिरोध सिर्जना गर्ने । तर सन् २०२६ को युद्धले यही रणनीतिको कमजोरी उजागर गर्‍यो । इरानको आणविक पूर्वाधारमा क्षति पुगे पनि उसको राजनीतिक संरचना ढलेन । उल्टै, बाह्य आक्रमणले राष्ट्रिय प्रतिरोधको भावना बलियो बनायो ।

युद्धपछि इरानले भूमिगत आणविक संरचना विस्तार र संवर्धन क्षमताको पुनर्निर्माणलाई प्राथमिकता दिएको संकेत देखिएको छ । यसको अर्थ बमबारीले आणविक कार्यक्रमलाई केही समय ढिलो गर्न सक्ला, तर त्यसको रणनीतिक उद्देश्य बदल्न सक्दैन ।

**सैन्य शक्तिको सीमा**

अमेरिका-इजरायलको अर्को रणनीतिक अनुमान पनि कमजोर देखिएको छ-सटिक हवाई आक्रमण र उच्चपदस्थ नेतृत्वमाथिको प्रहारले इरानको शासनलाई छिटो कमजोर बनाउन सकिन्छ । तर इरानको शासन संरचना विकेन्द्रित र बहुस्तरीय छ । नेतृत्वमा ठुलो क्षति पुगे पनि सुरक्षा संयन्त्र, क्रान्तिकारी गार्ड र स्थानीय प्रशासनिक संरचना तत्काल भत्किएनन् ।

त्यसैगरी, इरानका आणविक संरचना पहाडभित्र गहिरो भूमिगत रहेकाले अत्याधुनिक हतियारले समेत तिनलाई पूर्ण रूपमा नष्ट गर्न कठिन देखिएको छ । यसले एउटा आधारभूत सैन्य सीमातर्फ संकेत गर्छ-हवाई शक्तिले पूर्वाधार ध्वस्त पार्न सक्छ, तर कुनै देशको रणनीतिक सोच र सुरक्षा चिन्ता ध्वस्त पार्न सक्दैन ।

युद्धले इरानको ब्यालिस्टिक मिसाइल क्षमतालाई पनि ठुलो दबाबमा पारेको छ । तर मिसाइल भण्डारको क्षति भए पनि इरानले त्यसलाई पुनर्निर्माण गर्ने प्रयास गर्नेछ । उत्तर कोरियासँग उसको दशकौं पुरानो मिसाइल तथा सैन्य प्रविधिको सम्बन्ध र रुससँगको बढ्दो रणनीतिक सहकार्यले यस विषयलाई थप संवेदनशील बनाएको छ । तत्काल सक्रिय प्राविधिक सहयोगको स्पष्ट प्रमाण नभए पनि सम्भावित सहकार्यलाई बेवास्ता गर्न सकिने अवस्था छैन ।

**युद्धको मूल्य**

यो युद्धको मूल्य अमेरिका, इजरायल र इरान सबैले चुकाएका छन् । अमेरिकाले ठुलो आर्थिक र सैन्य स्रोत खर्च गर्नुपरेको छ । उसका सैन्य उपकरण र क्षेत्रीय आधारमा क्षति पुगेको छ । इजरायलले पनि पूर्वाधार र मानवीय क्षति व्यहोरेको छ । इरानतर्फ भने सैन्य तथा नागरिकतर्फ ठुलो जनधनको क्षति भएको छ ।

तर सबैभन्दा ठुलो प्रश्न खर्च र क्षतिको होइन, उपलब्धिको हो । अमेरिका-इजरायलको मूल उद्देश्य इरानलाई आणविक हतियारको क्षमताबाट रोक्नु थियो । यदि युद्धपछि इरान आणविक हतियार बनाउने निर्णयतर्फ अझ नजिक पुग्छ भने सैन्य अभियान आफ्नो रणनीतिक उद्देश्यमा असफल भएको निष्कर्ष निकाल्नुपर्ने हुन्छ ।

इतिहासले पनि बाह्य सैन्य खतराले आणविक आकांक्षा कमजोर पार्नेभन्दा बलियो बनाउने उदाहरण दिएको छ । उत्तर कोरियाले इराक र लिबियाको अनुभवबाट आणविक हतियारलाई शासन र राष्ट्रिय सुरक्षाको अन्तिम ग्यारेन्टीका रूपमा हेरेको थियो । इरानले पनि त्यही निष्कर्ष निकाल्ने जोखिम बढेको छ ।

मध्यपूर्वभन्दा बाहिरको असर

इरान युद्धको प्रभाव मध्यपूर्वमै सीमित रहने छैन । यदि 'आणविक सुप्तता'ले पनि सुरक्षा सुनिश्चित गर्न सक्दैन भन्ने निष्कर्ष फैलियो भने अन्य देशले पनि आफ्नै आणविक क्षमताबारे पुनर्विचार गर्न सक्छन् ।

साउदी अरबले इरानले आणविक हतियार प्राप्त गरे आफू पनि त्यही बाटोमा जाने संकेत दिइसकेको छ । यसले मध्यपूर्वमा आणविक प्रतिस्पर्धाको जोखिम बढाउँछ । त्यस्तै दक्षिण कोरिया र जापानमा पनि अमेरिकी विस्तारित आणविक प्रतिरोधको विश्वसनीयताबारे बहस बढिरहेको छ । यसले विश्वव्यापी आणविक अप्रसार व्यवस्थामाथि थप दबाब सिर्जना गर्न सक्छ । अझ महत्त्वपूर्ण कुरा, अमेरिकाको नीतिमा देखिने सम्भावित दोहोरो मापदण्ड हो । यदि उसले केही साझेदार राष्ट्रलाई आणविक प्रविधि र संवर्धनको अवसर दिन्छ तर इरानलाई त्यही क्षमताबाट रोक्न सैन्य शक्ति प्रयोग गर्छ भने अन्तर्राष्ट्रिय अप्रसार व्यवस्थाप्रतिको अमेरिकी विश्वसनीयता कमजोर हुन्छ ।

**सैन्य समाधानको विकल्प**

सन् २०२६ को युद्धको मूल पाठ यही हो-आणविक समस्या सैन्य शक्तिले मात्र समाधान गर्न सकिँदैन । बमले सेन्ट्रिफ्युज र मिसाइल कारखाना नष्ट गर्न सक्छ, तर सुरक्षा संकटको मूल कारण हटाउन सक्दैन ।

यदि अमेरिका साँच्चै इरानलाई आणविक हतियारबाट रोक्न चाहन्छ भने विश्वसनीय सुरक्षा ग्यारेन्टी, प्रत्यक्ष कूटनीतिक संवाद र पारस्परिक विश्वास निर्माण आवश्यक हुन्छ । इरानले आणविक हतियार त्याग्दा आफ्नो अस्तित्वमाथि खतरा नआउने विश्वास गर्न सक्नुपर्छ । त्यसका लागि केवल तेहरानमाथि दबाब होइन, क्षेत्रीय सुरक्षा संरचनामै पुनर्विचार आवश्यक छ ।

युद्ध सुरु गर्न सजिलो हुन सक्छ, तर त्यसको अन्त्य र परिणाम नियन्त्रण गर्न कठिन हुन्छ । अमेरिका-इजरायलले इरानमाथि सैन्य शक्ति प्रयोग गरेर एउटा आणविक कार्यक्रमलाई रोक्न खोजे । तर त्यसले उल्टै आणविक प्रतिरोधको तर्कलाई बलियो बनाउने जोखिम पैदा गरेको छ ।

आजको सबैभन्दा ठुलो खतरा इरानको एउटा आणविक बम मात्र होइन । खतरा त्यो सोच हो, जसले आणविक हतियारलाई सुरक्षा र अस्तित्वको अन्तिम ग्यारेन्टी मान्न थाल्छ । यस्तो सोच मध्यपूर्वमा फैलियो भने त्यसको मूल्य एउटा युद्धभन्दा धेरै ठुलो हुनेछ ।

# ‘प्रवासी नेपालीको आवाज केन्द्रमा पुर्‍याउन मेरो उम्मेदवारी’

नेपाली कांग्रेसको १५औं महाधिवेशन आइतबार औपचारिक उद्घाटन भएको छ । पार्टीको नेतृत्व चयन मात्र नभई भावी नीति, दिशा र संगठनात्मक संरचना निर्धारण गर्ने यस महत्वपूर्ण महाधिवेशनमा देशभित्र मात्र होइन, प्रवासमा रहेका नेपालीको पनि उल्लेख्य चासो र सक्रिय सहभागिता देखिएको छ । यही परिवेशमा, रोल्पामा वि.सं. २०४९ सालमा जन्मिएर दाङको तुलसीपुरमा प्रारम्भिक अध्ययन पूरा गरेका युवा नेता अंकित ओली अहिले युरोपबाट केन्द्रीय सदस्य पदका सशक्त उम्मेदवारका रूपमा उभिएका छन् । विद्यार्थी जीवनदेखि नै नेपाल विद्यार्थी संघ (नेविसंघ)को माध्यमबाट लोकतान्त्रिक आन्दोलन र सामाजिक गतिविधिमा सक्रिय रहँदै आएका ओलीले नेपालमै रहँदा विभिन्न संघ-संस्थामा नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए । सन् २०१७ मा अध्ययनका सिलसिलामा आयरल्यान्ड पुगेपछि पनि उनले आफ्नो राजनीतिक र सामाजिक यात्रालाई निरन्तरता दिए । जनसम्पर्क समिति आयरल्यान्डको सभापतिका रूपमा कार्यभार सम्हाल्दै उनले संगठन विस्तार, प्रवासमा रहेका नेपालीको हकहित संरक्षण तथा आपत्-विपदमा सहयोग पुर्‍याउने कार्यमा उल्लेखनीय योगदान दिएका छन् । उनको कार्यकालमा सीमित संख्यामा रहेको सक्रिय सदस्यता उल्लेखनीय रूपमा वृद्धि भई सशक्त संगठन निर्माण भएको बताइन्छ । विगतमा नेपालमा हुँदा पनि उनी इकाई सभापति हुँदै विभिन्न संघ-संस्थामा क्लबको अध्यक्ष हुँदै सामाजिक काममा सक्रिय रूपमा लागेका थिए । गैरआवासीय नेपाली संघ (एनआरएन)लगायत विभिन्न अन्तर्राष्ट्रिय तथा सामाजिक संस्थामा समेत सक्रिय रहँदै आएका ओलीले नेपाल र प्रवासबीच समन्वय गर्ने सेतुको रूपमा आफूलाई स्थापित गर्ने प्रयास गरेका छन् । प्रवासमा रहेका नेपालीको आवाजलाई केन्द्रीय तहसम्म पुर्‍याउने स्पष्ट एजेन्डासहित उनी यसपटक केन्द्रीय सदस्य पदमा उम्मेदवारी दिँदै छन् । प्रस्तुत छ, यही उम्मेदवारी, प्रवासको भूमिका र नेपाली कांग्रेसको भावी दिशासम्बन्धी विषयमा केन्द्रित रहेर **मध्यान्ह** संवाददाताले **अंकित ओली**सँग गरेको कुराकानीको सम्पादित अंश :

**नेपाली कांग्रेसमा तपाईंको यात्रा कसरी र कहिलेदेखि सुरु भयो ?**

मेरो राजनीतिक यात्रा विद्यार्थी जीवनदेखि नै नेपाल विद्यार्थी संघ (नेविसंघ)को सिद्धान्त र लोकतान्त्रिक मूल्य-मान्यताबाट प्रभावित भई सुरु भएको हो । नेपालमा अध्ययनरत रहँदा नै पार्टीको भ्रातृसंगठनमार्फत लोकतन्त्रको रक्षा, वैचारिक स्पष्टता र सामाजिक सेवामा सक्रिय रहँदै आएको थिएँ । पछि वैदेशिक अध्ययन र रोजगारीका क्रममा आयरल्यान्ड पुगेपछि पनि नेपाली कांग्रेसको विचारप्रतिको निष्ठा अझ मजबुत भयो । जनसम्पर्क समिति आयरल्यान्डमार्फत प्रवासमा रहेका नेपालीहरूलाई संगठित गर्ने, पार्टीको विचार प्रवर्धन गर्ने र गैरआवासीय नेपालीका मुद्दा उठाउने क्रममा मेरो राजनीतिक यात्राले थप परिपक्वता र निरन्तरता पाएको हो ।

**कांग्रेस महाधिवेशनमा युरोपबाट केन्द्रीय सदस्यमा उम्मेदवारी दिँदै हुनुहुन्छ, तपाईंको उम्मेदवारी किन र केका लागि ?**

*मेरो उम्मेदवारी मुख्य गरी तीनवटा प्राथमिकताका लागि हो :*

१. प्रवासको आवाज नीति निर्माण तहमा पुर्‍याउन : लाखौं गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, पुँजी र समस्यालाई पार्टीको केन्द्रीय नीति निर्माण तहमा सही तरिकाले प्रतिनिधित्व गराउन ।

२. पार्टीमा युवा र प्रवासी पहुँच बढाउन : कांग्रेसलाई अझ आधुनिक, समावेशी र प्रविधिमैत्री बनाउँदै युरोपलगायत विश्वभरि छरिएका दक्ष युवाहरूलाई पार्टी र मातृभूमिसँग जोड्न ।

३. गैरआवासीय नेपालीका अधिकार सुरक्षित गर्न: मताधिकार, दोहोरो नागरिकताको व्यावहारिक कार्यान्वयन र प्रवासमा रहेका नेपालीको सुरक्षा तथा हकहितका लागि केन्द्रीय नेतृत्वमै बसेर सशक्त दबाब दिनका लागि मेरो उम्मेदवारी हो ।



अंकित ओली
कांग्रेस केन्द्रीय सदस्य उम्मेदवार

**लामो समयदेखि प्रवासमै हुनुहुन्छ, प्रवासमा नेपालीका समस्या के-के हुन् ?**

प्रवासमा रहेका नेपालीका समस्यालाई मैले नजिकबाट भोगेको र देखेको छु । मुख्य समस्यामा कागजात नवीकरण, कन्सुलर सेवा र राहदानीसम्बन्धी झन्झट, नेपालको निर्वाचनमा प्रवासमा रहेका नेपालीले भोट हाल्न नपाउने स्थिति, गैरआवासीय नेपाली नागरिकता पाए पनि त्यसको पूर्ण र व्यावहारिक कार्यान्वयनमा देखिएका अन्योल, समस्यामा परेका श्रमिक, विद्यार्थी वा आपत्कालीन अवस्थामा रहेका नेपालीको द्रुत उद्धार र राहतको एकीकृत संयन्त्रको कमी तथा दोस्रो पुस्ताका बालबालिकालाई नेपाली भाषा, संस्कृति र माटोसँग जोडिरहने चुनौती छन् ।

**अहिले कांग्रेस बदलिएको भन्ने गरिएको छ, नेतृत्व या व्यक्तित्व फेरिँदैमा पार्टी बदलिएको मान्न सकिएला र ?**

केवल अनुहार वा नेतृत्व फेरिँदैमा पार्टी पूर्ण रूपमा बदलिएको मान्न सकिँदैन । वास्तविक रूपमा पार्टी बदलिनका लागि सोच र कार्यशैलीमा परिवर्तन आउनुपर्छ । पद्धति र विधानको पूर्ण पालना हुनुपर्छ । मूल्यांकनको आधार पारदर्शी हुनुपर्छ, जहाँ गुटबन्दीभन्दा पनि काम र निष्ठाको कदर होस् ।

नेतृत्व परिवर्तन त्यसको एउटा सुरुवात मात्र हो । जबसम्म पार्टीले जनता र कार्यकर्ताका आवश्यकतालाई प्रविधिको प्रयोग र आधुनिक नीतिमार्फत सम्बोधन गर्दैन, तबसम्म रूपान्तरण अधुरो रहन्छ। त्यसैले व्यक्तिको फेरबदलसँगै नीतिगत र संरचनात्मक रूपान्तरण हुनु अनिवार्य छ ।

**त्यसो भए कांग्रेस एकताका लागि के गर्नुपर्ला ?**

मेरो विचारमा कांग्रेसलाई एकताबद्ध र सुदृढ बनाउन गुटगत राजनीतिभन्दा माथि उठ्ने, गुट र भागबन्डाको संस्कृतिलाई अन्त्य गरी योग्यता, क्षमता र समर्पणका आधारमा जिम्मेवारी बाँडफाँड गर्ने, तल्लो तहका कार्यकर्ता र प्रवासी शुभचिन्तकका सुझावलाई माथिल्लो तहले नियमित रूपमा सुन्ने र सम्मान गर्ने वातावरण बनाउने, पार्टीको सिद्धान्तलाई आधुनिक युगको मागअनुसार व्याख्या गर्दै युवा पुस्तालाई आकर्षित गर्ने, पार्टीभित्र विधि र विधानको निष्पक्ष पालना गराउनेजस्ता कदम चाल्नु जरुरी छ।

**केन्द्रीय सदस्यको उम्मेदवारको हैसियतले तपाईंका खास कुनै प्रतिबद्धता पनि छन् कि ?**

अवश्य पनि, एक केन्द्रीय सदस्यका रूपमा मेरो मुख्य प्रतिबद्धता प्रवासमा रहेका नेपालीलाई आगामी निर्वाचनसम्म मताधिकार दिलाउन केन्द्रीय तहबाट निरन्तर कानुनी र राजनीतिक पहल गर्ने, युरोपमा रहेका नेपालीहरूको ज्ञान, दक्षता र पुँजीलाई नेपालको विकासमा भित्र्याउन सहज नीति निर्माणमा पुलको काम गर्नेछु, विश्वभर रहेका जनसम्पर्क समितिलाई थप मर्यादित, पारदर्शी र स्रोत-साधनसम्पन्न बनाउन पहल गर्नेछु र पार्टीलाई प्रविधिसँग जोड्दै प्रवासी युवालाई वैचारिक रूपमा संगठित गर्ने अभियान चलाउने मुख्य रूपमा छन् ।

**अन्त्यमा मतदातासमक्ष के आग्रह गर्न चाहनुहुन्छ त ?**

म पद या व्यक्तिगत प्रतिष्ठाका लागि उम्मेदवार बनेको होइन, विचार, सिद्धान्त र संगठन मजबुतीकरणका लागि हो । व्यक्ति होइन कि पार्टीलाई नै सर्वोपरि मान्नुपर्छ भन्ने मलाई लाग्छ । यो विचार र सिद्धान्तमा म कहिल्यै डगमगाउने छैन । यसर्थ यस मध्यान्ह राष्ट्रिय दैनिक मिडियामार्फत म आमकांग्रेसजन मतदातासमक्ष मलाई मतदान गरेर काम गर्ने अवसर प्रदान गरिदिनुहुन विनम्रतापूर्वक अपिल गर्दछु ।

# धादिङ सेवा समाज कतारको अध्यक्षमा रामहरि श्रेष्ठ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १८ असोज

धादिङ सेवा समाज कतारको आठौं अधिवेशन तथा विविध सांस्कृतिक कार्यक्रम दुई चरणमा सम्पन्न भएको छ। अधिवेशनको बन्द सत्रले सिद्धलेक गाउँपालिका-१ का रामहरि श्रेष्ठको अध्यक्षतामा २०२६-२०२८ कार्यकालका लागि १५ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो ।

कतारको सनैयास्थित ग्रान्ड मलमा रहेको लालीगुराँस रेस्टुरेन्टमा शुक्रबार सम्पन्न अधिवेशनबाट प्रथम उपाध्यक्षमा मिलन रानाभाट, द्वितीय उपाध्यक्षमा अनिता तामाङ, महासचिवमा अम्बरबहादुर गुरुङ, सचिवमा रमेश इटनी, कोषाध्यक्षमा विनोद गोले गुरुङ र सह कोषाध्यक्षमा राजेन्द्र भण्डारी चयन भएका छन् ।

सदस्यमा डम्बरबहादुर श्रेष्ठ ‘गणेश’, इन्दिरा परियार, सुजन तामाङ, प्रकाश भुजेल, कल्पना काप्री, सुरज रोका, सुरेन्द्र श्रेष्ठ र विकास मल्ल ठकुरी रहेका छन् ।

नवनिर्वाचित अध्यक्ष श्रेष्ठले धादिङ सेवा समाज कतार कतारमा रहेका सम्पूर्ण धादिङेलीको साझा सामाजिक संस्था भएकाले सबैलाई समेटेर संस्थालाई अघि बढाउने बताए । संस्थाभित्र सहकार्य, एकता र पारदर्शितालाई प्राथमिकतामा राख्दै समाजको हितमा काम गर्ने प्रतिबद्धता उनले व्यक्त गरे ।



अधिवेशनको खुला सत्र समाजका कार्यवाहक अध्यक्ष गौतम वाइबा तामाङको सभापतित्व तथा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारका अध्यक्ष कृष्ण पन्थीको प्रमुख आतिथ्यतामा भएको थियो । विधिवत् उद्घाटनपछि सुरु भएको कार्यक्रममा समाजकी द्वितीय उपाध्यक्ष उषा रिमालले स्वागत मन्तव्य राखेकी थिइन् भने नृत्यांगना अस्मिता लामिछानेले नृत्यमार्फत स्वागत गरेकी थिइन् ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न नेपाली संघसंस्थाका प्रमुख, पदाधिकारी तथा प्रतिनिधि, कलाकार, पत्रकार र धादिङेलीको उल्लेख्य सहभागिता थियो । अधिवेशनमा समाजले पछिल्लो दुई वर्षमा गरेका गतिविधि तथा कार्य प्रगति प्रस्तुत गरिएको थियो ।

आर्थिक प्रतिवेदनमा संस्थासँग सम्बन्धित बाँकी तथा बक्यौता रकमको विवरणसमेत प्रस्तुत गरिएको थियो। कार्यक्रममा बोल्ने वक्ताहरूले समाजले गर्दै आएका सामाजिक तथा मानवीय कार्यको प्रशंसा गर्दै आगामी दिनमा संस्थालाई थप गतिशील बनाएर सामाजिक क्षेत्रमा प्रभावकारी काम गर्न सुझाव दिएका थिए ।

कार्यक्रममा केही वक्ताले पछिल्लो पटक कतार भ्रमणमा आएका नेपालका अर्थमन्त्री डा.स्वर्णिम वाग्लेको भ्रमणसँग सम्बन्धित विषयमा जिज्ञासा तथा प्रश्नसमेत राखेका थिए । साथै, पछिल्लो समय भोटेकोसीमा आएको बाढीबाट धादिङ जिल्लामा पुगेको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावितप्रति सहानुभूति प्रकट गरिएको थियो ।

प्रमुख अतिथि पन्थीले धादिङ सेवा समाज र एनसीसी कतार बिचको सम्बन्ध थप सुमधुर बन्दै गएको बताए। अर्थमन्त्री डा.वाग्लेको कतार भ्रमणका क्रममा भएको भेटघाटलाई लिएर सामाजिक सञ्जालमा उठेका प्रश्नबारे स्पष्ट पार्दै उनले अर्थमन्त्रीको भ्रमणअघि नै आफूले साझा कार्यक्रमको प्रस्ताव गरे पनि व्यस्त कार्यतालिकाका कारण समय व्यवस्थापन हुन नसकेको बताए । प्रश्न उठाएपछि त्यसको जवाफ सुन्न नबसी वक्ता बाहिरिनु उचित अभ्यास नभएको उनको भनाइ थियो ।

पन्थीले कतारमा सामाजिक सञ्जाल तथा टिकटकका लागि भिडियो बनाउने क्रममा कतारको कानुन उल्लङ्घन हुने गतिविधिप्रति सचेत रहन नेपाली समुदायलाई आग्रह गरे । कतारका सम्बन्धित निकायबाट यस्ता विषयमा पटक पटक सचेत गराउने गरिएको उल्लेख गर्दै उनले मनोरञ्जन तथा सामाजिक सञ्जालको प्रयोग गर्दा कतारको कानुन र सामाजिक मर्यादालाई सम्मान गर्न आग्रह गरे ।

समाजका महासचिव रामहरि श्रेष्ठले सहजीकरण गरेको खुला सत्रको समापन गर्दै सभापति तामाङले आर्थिक प्रतिवेदनमा देखिएको केही बक्यौता रकम समाजले आयोजना गरेका सांस्कृतिक कार्यक्रमसँग सम्बन्धित रहेको बताए । आफू लामो समय नेपालमा रहनुपरेकाले संस्थाको नियमित गतिविधिमा प्रत्यक्ष जोडिन नसकेको र केही समयअघि मात्र कतार फर्किएको उल्लेख गर्दै उनले बक्यौता रकम संकलनका लागि पहल भइरहेको जानकारी दिए ।

विगतमा संस्थाले सामाजिक क्षेत्रमा गरेका कामलाई निरन्तरता दिँदै कमी-कमजोरी सुधार गरेर अघि बढ्ने प्रतिबद्धता उनले व्यक्त गरे । कार्यक्रममा कलाकारहरूले सांगीतिक प्रस्तुति दिएका थिए । समाजसँग सहकार्य गर्ने विभिन्न संस्था, कलाकार, पत्रकार तथा अतिथिलाई सम्मान गरिएको थियो ।

केही समयअघि कतारमा श्रमिक सहयोग तथा बिमा कोषको आयोजनामा सञ्चालित महिला च्याम्पियनसिप कप-२०२६ को उपाधि नेपाली महिला भलिबल टोलीलाई जिताउन विशेष योगदान गरेकी खेलाडी एसिक सेन्चुरीलाई मायाको चिनोसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

कतार बसाइ बिट मारेर नेपाल फर्कन लागेका समाजका सदस्य शंकाराम तामाङलाई बिदाइसमेत गरिएको थियो । अधिवेशन उल्लेख्य सहभागिता र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो ।

# संविधान कार्यान्वयनमा राजनीतिक प्रतिबद्धता आवश्यक : सांसद सिद्दिकी

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, १८ असोज



राष्ट्रिय सभा सदस्य तथा जमिअत उलमा-ए-नेपालका अध्यक्ष मौलाना खालिद सिद्दिकीले संविधानले मुस्लिम समुदायलाई प्रदान गरेका अधिकारलाई कागजमा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्न राजनीतिक तथा प्रशासनिक प्रतिबद्धता आवश्यक रहेको बताएका छन् ।

जमिअत उलमा-ए-नेपालले आयोजना गरेको ‘संविधानका एक दशक र मुस्लिम समुदाय’ विषयक अन्तर्क्रियामा बोल्दै उनले संविधानले समानता, धार्मिक स्वतन्त्रता, सामाजिक न्याय र समावेशी सहभागिताको आधार तयार गरे पनि त्यसको प्रभावकारी कार्यान्वयनका लागि राज्यका सबै तहमा प्रतिबद्धता आवश्यक रहेको बताए ।

सिद्दिकीले मुस्लिम समुदायका समस्या प्रतिनिधित्वमा मात्र सीमित नभएको भन्दै शिक्षा, रोजगारी, आर्थिक अवसर, महिला सहभागिता, सामाजिक न्याय तथा धार्मिक संस्थाको व्यवस्थापनलाई समग्र रूपमा सम्बोधन गर्नुपर्ने धारणा राखे । उनले संविधानको दोस्रो दशकलाई अधिकार घोषणा गर्नेभन्दा त्यसको कार्यान्वयन र परिणाम देखाउने दशक बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा पत्रकार शमसाद आदिलको कार्यपत्रमाथि टिप्पणी गर्दै संविधानसभा सदस्य तथा पूर्वराज्यमन्त्री मोहम्मद जाकिर हुसैनले मुस्लिम समुदायको संवैधानिक अधिकार र राज्यका संरचनामा वास्तविक प्रतिनिधित्वबीच अझै महत्वपूर्ण अन्तर रहेको बताए ।

हुसैनले संविधानले मुस्लिम समुदायलाई छुट्टै पहिचानसहित समानुपातिक समावेशी प्रतिनिधित्वको आधार दिए पनि निजामती सेवाजस्ता क्षेत्रमा त्यसअनुरूपको संस्थागत व्यवस्था हुन नसकेको उल्लेख गरे । पुराना संघीय कानुनहरू लामो समयसम्म संशोधन हुन नसक्दा संवैधानिक अधिकारको प्रभावकारी उपयोगमा समस्या देखिएको उनको भनाइ थियो ।

उनले मुस्लिम समुदायको प्रतिनिधित्वलाई संसद् र निर्वाचनमा मात्र सीमित नराखी निजामती सेवा, सुरक्षा निकाय, न्यायपालिका, शिक्षा, स्वास्थ्य, कूटनीतिक सेवा, सार्वजनिक संस्थान तथा नीति निर्माणका तहसम्म विस्तार गरेर हेर्नुपर्ने बताए । हुसैनले मुस्लिम आयोगलाई थप अधिकारसम्पन्न र स्रोतसाधनयुक्त बनाउँदै आयोगका सिफारिस कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने, मद्रसा शिक्षालाई मूलधारको आधुनिक तथा रोजगारमुखी शिक्षासँग जोड्नुपर्ने र मुस्लिम समुदायसम्बन्धी नीति तथ्यांकमा आधारित हुनुपर्ने धारणा राखे ।

कार्यक्रमका प्रमुख अतिथि मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष मुहम्मद्दीन अलीले आयोगको संस्थागत क्षमता बढाउँदै मुस्लिम समुदायको सामाजिक, शैक्षिक तथा आर्थिक अवस्थासम्बन्धी विश्वसनीय तथ्यांक संकलन, अनुसन्धान र अनुगमनलाई प्राथमिकता दिनुपर्ने बताए । उनले आयोगलाई सिफारिस गर्ने संस्थामा मात्र सीमित नराखी संघ, प्रदेश र स्थानीय तहसँग प्रभावकारी समन्वय गर्ने संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । संविधानको धारा २६५ अनुसार संवैधानिक आयोगहरूको दश वर्षपछि हुने पुनरावलोकनको सन्दर्भमा मुस्लिम आयोगको भूमिका, अधिकार, स्रोतसाधन र कार्यसम्पादनबारे गम्भीर समीक्षा आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रममा वक्ताहरूले संविधानले मुस्लिम समुदायका लागि निर्माण गरेको संवैधानिक आधारलाई महत्वपूर्ण उपलब्धिका रूपमा स्वीकार गर्दै अबको बहस ‘अधिकारको घोषणा’ र ‘अधिकारको अनुभूति’बीचको दूरी घटाउने दिशामा केन्द्रित हुनुपर्ने धारणा राखेका थिए । प्रतिनिधित्व, शिक्षा, मद्रसा, मुस्लिम महिला, रोजगारी, आर्थिक अवसर, प्रशासनिक अभिलेख र मुस्लिम आयोगको संस्थागत क्षमतालाई आगामी दशकका प्राथमिकताका रूपमा अघि सारिएको थियो ।

मध्यान्ह
www.madhyanhadaily.com
१९ असोज २०८३ सोमबार
5 October 2026 Monday

# ‘दृश्यम ३’को बक्स अफिसमा धमाका



**काठमाडौं/एजेन्सी–** बलिउड सुपरस्टार अजय देवगन अभिनीत चलचित्र ‘दृश्यम ३ : द कन्क्लुजन’ले भारतीय बक्स अफिसमा अभूतपूर्व प्रदर्शन गर्दै सुरुवाती तीन दिनमै आफ्नो बलियो दबदबा कायम राखेको छ। अपराधप्रधान ‘दृश्यम’ शृंखलाको अन्तिम कडीका रूपमा आएको यस फिल्मले प्रदर्शनको तेस्रो दिनसम्म आइपुग्दा १५० करोड भारतीय रुपैयाँको आँकडा पार गर्दै वर्षकै चर्चित ओपनिङमध्ये एक बन्न सफल भएको छ।

शुक्रबारदेखि प्रदर्शनमा आएको फिल्मले पहिलो दिन नै ६० करोडभन्दा बढी नेट कलेक्सन गर्दै ऐतिहासिक सुरुवात गरेको थियो। दोस्रो दिन शनिबार पनि फिल्मको व्यापार उल्लेखनीय रह्यो र करिब ५३ करोड ५० लाख रुपैयाँ थपियो। तेस्रो दिन आइतबार भने कमाइमा थप उछाल देखिँदै साँझसम्म कुल कलेक्सन १५४ करोड रुपैयाँ नाघेको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

फिल्मप्रतिको दर्शक आकर्षण पनि उत्तिकै उच्च देखिएको छ। आइतबार बिहानका सोहरूमा औसत ४२ प्रतिशत दर्शक उपस्थिती रहेको थियो भने दोस्रो र तेस्रो श्रेणीका सहरहरूमा अझ बढी भीड देखिएको बताइएको छ। यसले फिल्मको लोकप्रियता केवल महानगरमा मात्र सीमित नरहेको संकेत गर्दछ। ‘दृश्यम ३’को सफलता प्रदर्शनअघि नै देखिएको थियो। फिल्मले पहिलो दिनका लागि हिन्दी चलचित्रमध्ये चौथो उच्च अग्रिम टिकट बिक्री गर्दै करिब ५० करोड रुपैयाँभन्दा बढीको प्रि-सेल हासिल गरेको थियो। प्रदर्शनअघि नै झण्डै १३ लाख टिकट बिक्री हुनु फिल्मप्रतिको उत्साहको स्पष्ट संकेत हो।

फिल्मले रिलिजको छोटो अवधिमै पछिल्ला धेरै चर्चित फिल्महरूको लाइफटाइम कलेक्सनलाई समेत पछि पारिसकेको छ।

शनिबारसम्म आइपुग्दा सलमान खान अभिनीत ‘सिकन्दर’को १०७ करोड रुपैयाँ कलेक्सनलाई उछिनेको फिल्मले आइतबार दिउँसोसम्म प्रभासको ‘द राजा साहब’, इमरान हाश्मीको ‘अवारापन २’ र अजय देवगनकै ‘शैतान’को कुल आम्दानीलाई समेत पार गरिसकेको छ।

यससँगै ‘दृश्यम ३’ सुरुवाती सप्ताहन्तमा सबैभन्दा धेरै कमाइ गर्ने हिन्दी फिल्महरूको सूचीमा प्रवेश गर्ने दिशामा अघि बढिरहेको छ।

यद्यपि फिल्मले ऐतिहासिक प्रदर्शन गरिरहेको भए पनि केही ठुला रेकर्डहरू भने अझै चुनौतीपूर्ण देखिन्छन्।

‘धुरन्धर २’ (४४३ करोड), शाहरुख खानको ‘जवान’ (२८६ करोड) र ‘पठान’ (२८० करोड) जस्ता फिल्महरूको सुरुवाती सप्ताहन्त कलेक्सनभन्दा ‘दृश्यम ३’ अझै पछि रहेको छ।

तर वर्तमान ट्रेन्ड हेर्दा फिल्मले ‘वार’ (१६६ करोड) र ‘सुल्तान’ (१८० करोड) लाई उछिन्ने सम्भावना बलियो देखिएको छ। यद्यपि ‘एनिमल’ (२०२ करोड) र ‘स्त्री २’ (२०४ करोड) जस्ता फिल्महरूको रेकर्ड भने पार गर्न कठिन देखिएको विश्लेषण गरिएको छ।

फिल्मले भारतसँगै अन्तर्राष्ट्रिय बजारमा पनि राम्रो व्यापार गरिरहेको छ। पहिलो दुई दिनमै विश्वव्यापी कलेक्सन करिब १७७ करोड रुपैयाँ पुगेको छ भने ओभरसिज मार्केटबाट मात्र करिब ४ मिलियन अमेरिकी डलर आम्दानी भएको बताइएको छ।

पहिलो दिन विश्वव्यापी कलेक्सन करिब ९५ करोड रुपैयाँ पुगेको थियो, जसमा भारतको ग्रस कलेक्सन मात्रै ८० करोडभन्दा बढी रहेको छ।

‘दृश्यम ३’ अजय देवगनको करिअरकै सबैभन्दा ठुलो ओपनिङ गर्ने फिल्म बनेको छ। यसअघि उनको सर्वाधिक कमाउने फिल्म ‘तान्हाजी’ थियो, जसले ३६१ करोड रुपैयाँ कमाएको थियो। ट्रेड विश्लेषकहरूका अनुसार ‘दृश्यम ३’ले उक्त रेकर्ड समेत तोड्न सक्ने सम्भावना देखिएको छ।

अभिषेक पाठकको निर्देशनमा बनेको यस फिल्ममा अजय देवगनसँगै तब्बु, श्रिया सरन, जयदीप अहलावत, इशिता दत्ता, रजत कपूर, प्रकाश राज, सौरभ शुक्लालगायत कलाकारहरूको अभिनय रहेको छ।

दर्शक र समीक्षक दुवैले फिल्मलाई अघिल्ला भागभन्दा अझ सशक्त र रोमाञ्चक रहेको प्रतिक्रिया दिएका छन्। ‘दृश्यम’ फ्रेन्चाइजको अन्तिम भाग भएकाले पनि दर्शकमा विशेष उत्साह देखिएको छ।

भारतसँगै नेपालमा पनि एकसाथ प्रदर्शनमा आएको ‘दृश्यम ३’ले यहाँका हलहरूमा समेत राम्रो ओपनिङ लिएको छ। नेपाली दर्शकमाझ पनि फिल्मप्रति उच्च आकर्षण देखिएको वितरकहरूले बताएका छन्।

मजबुत कथा, स्थापित फ्रेन्चाइज र अजय देवगनको स्टार पावरका कारण ‘दृश्यम ३ : द कन्क्लुजन’ अहिले बक्स अफिसमा प्रभुत्व जमाइरहेको छ। यदि यही गति कायम रह्यो भने फिल्म यस वर्षकै सबैभन्दा ठुलो ब्लकबस्टर बन्ने सम्भावना प्रबल देखिएको छ।

# ‘भिडियोटेप’को छायांकन सम्पन्न



**काठमाडौं/मस–** हरर जनरामा निर्माण भइरहेको नेपाली फिल्म ‘भिडियोटेप’को छायांकन सम्पन्न भएको छ। ३१ दिनमा सकिएको छायांकनको अन्तिम दृश्य शुक्रबार साँझ काठमाडौंस्थित एक क्लबमा खिचिएको निर्माण पक्षले जनाएको छ। फिल्मको छायांकन भदौको पहिलो सातादेखि उपल्लो मुस्ताङबाट सुरु गरिएको थियो। अन्तिम चरणमा भने तीन दिन काठमाडौंमा दृश्यहरू खिच्दै छायांकनलाई पूर्णता दिइएको हो।

एप्पल इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको ‘भिडियोटेप’मा उपासना सिंह ठकुरी र कुन्दनमान शाक्य मुख्य भूमिकामा छन्। कुन्दनका लागि यो डेब्यू मुख्य भूमिका हो। उनी अभिनेता कर्मा शाक्यका भाइसमेत हुन्। फिल्ममा अस्तित्व भट्टचन, कुशल श्रेष्ठ, रिसु राउत, जीवन अधिकारी, शेखर चापागाईं र सिद्धार्थ सिंहलगायत कलाकारहरूको पनि अभिनय रहेको छ।

बाइक राइडरको कथामा आधारित यस फिल्मलाई ओविद उद्दिनले निर्देशन गरेका हुन्, जसको यो डेब्यू निर्देशकीय काम हो। उनी क्युएफएक्स मल्टिप्लेक्स चेनका सञ्चालक तथा ‘सानो संसार’का निर्माता नकिम उद्दिनका छोरा हुन्। फिल्मको छायांकन निर्देशन (डिओपी) वशिष्ट प्रधानले सम्हालेका छन् भने प्रोडक्सन व्यवस्थापन ईश्वर घिमिरेले गरेका छन्। महेश बराल मुख्य सहायक निर्देशकका रूपमा संलग्न छन्।

निर्देशक उद्दिनले निर्धारित समयमै छायांकन सम्पन्न भएकोमा सन्तुष्टि व्यक्त गर्दै सम्पूर्ण टिमको मेहनतले यो सम्भव भएको बताएका छन्। आफूलाई सुरुदेखि नै हरर जनराप्रति रुचि भएकाले ‘भिडियोटेप’मार्फत त्यही शैलीमा काम गर्न पाएको उनले उल्लेख गरेका छन्। फिल्म यसै वर्ष प्रदर्शन गर्ने लक्ष्य राखिएको भए पनि औपचारिक प्रदर्शन मिति भने सार्वजनिक गरिएको छैन।


## हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था ऐन २०३४ को दफा ४ बमोजिम मिति २०६०।०१।०८ मा दर्ता भएको **राहत को दर्ता नं.(८०७-०५९-०६०)** को मिति २०८३।०६।०२ मा बसेको विशेष साधरणसभाबाट यस कम्पनीलाई संस्था दर्ता ऐनको दफा १४ बमोजिम विघटनमा लैजाने गर्ने निर्णय गरी मलाई लिक्विडेटर नियुक्त गरेकोले यस कम्पनीसंग कोही व्यक्ति,संस्था,कम्पनीको केहि लिनु वा दिनुपर्ने कुनै दावि भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो दावि र सो दाविलाई प्रमाणित गर्ने कागज प्रमाण सहित तपशिल बमोजिमको ठेगानामा दावि पेश गर्नु हुन सुचित गरिन्छ सो अवधिभित्र कुनै दावि पर्न नआएमा वा उक्त अवधि पश्चात् कुनै दावि पर्न आएमा सो माथि कुनै कारवाही नहुने व्यहोरा पनि यसै सूचनाद्धारा सुचित गरिन्छ।

**लिक्विडेटरः-श्रीकृष्ण न्यौपाने, इजाजत प्र.प.नं.:-५६८ फोन नं.९८५१३२१०६४**



## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **Metta International Pvt. Ltd.** (इजाजत पत्र नं. ५३०/०६१/०६२) मा कार्यरत निम्न कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| S.N. | Name | Post | Citizenship No. |
|---|---|---|---|
| 1 | Ganesh Bahadur Pradhan | Executive Director | 136914 |

**Metta International Pvt. Ltd.** श्रम इजाजत नं. ५३०/०६१/०६२
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोनः ४१११२६९, ४१११२६७,
Fax.: 4112978, Email- mettaint5@gmail.com, info@mettaint.com,
Web.: www.mettaint.com



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१९**

मिति २०८३/०५/१० गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पोजिशन ट्रेड एण्ड सप्लाएर प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **पोजिशन नेपाल मल्टिपर्पोज प्रा.लि (दर्ता नं.: ३३८४९४)** कायम गर्ने गरी मिति २०८३/०६/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१०/०२ मा दर्ता भएको **दर्ता नं. : ५९५६१** को **लुम्बिनी अटो डिजिल्स सर्भिस प्रा. लि.** को मिति २०८३/०६/१८ मा सम्पन्न विशेष साधारण सभाको निर्णय वमोजिम खारेजी लिक्वडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै प्रकारको लेनदेन बाँकी वक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः नीलकण्ठ पोखरेल,**
**इजाजत पत्र नं. ५१२,**
**ठेगाना : त्रिपुरेश्वर काठमाडौं,**
**फोन नं. ९८५१००६०४६**



## नबिल बैंक लिमिटेड, सल्लाघारी शाखा, भक्तपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८३/०६/१९)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/९/५ को मध्यान्ह दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा सल्लाघारी शाखा, भक्तपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

### तपसिल

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०८०/०३/१३ मा दर्ता नं. ३१४६८३/७९/०८० अन्तर्गत दर्ता भएको **नेपा हिमाली जडिबुटी स्टोर्स प्रा.लि.**।
ठेगानाः काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३२, नरेफाट।

**ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. सीताई साह हलसवाईको नाति, सूर्य नाथ साह हलवाईको छोरा धनुषा जिल्ला एकराही गा.वि.स. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३७७८१९७२ (जारी मितिः २०४९/०३/०२, स्थान धनुषा) भएको **फेकन साह**।
२. जमुना साह हलुवाईकी छोरी सूर्य नाथ साह हलवाईकी बुहारी, फेकन साहकी श्रीमती, धनुषा जिल्ला एकराही गा.वि.स. वडा नं. ०८ बस्ने, ना.प्र.नं. ३७८९२१६९ (जारी मितिः २०५६/०५/०१, स्थान धनुषा) भएकी **शान्ती देवी साह**।
३. कृष्ण वीर महर्जनको नाति, अष्ट लाल महर्जनको छोरा ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १६ बस्ने, ना.प्र.नं. ३/२५५१ (जारी मितिः २०४६-०३-१३, स्थान ललितपुर) भएको **रमेश महर्जन**।

**धितोको विवरण**

धितोमा रहेको घर/जग्गाको विवरणः
धनुषा जिल्ला एकराही गा.वि.स. वडा नं. ०८ बस्ने, **फेकन साह** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला धवौली गा.वि.स. वडा नं. ०८ नक्सा सिट नं ८ मा अवस्थित कि.नं. १०४० क्षेत्रफल ०-९-१०-४-८१/२ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु. १,०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा जनकपुर भानुचोक शाखा, धनुषा** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/७/९ गते ५:०० बजे भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा जनकपुर भानुचोक शाखा, धनुषा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/७/१० गते ३:०० बजे बैंकको **जनकपुर भानुचोक शाखा, धनुषा**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको “गुड फर पेमेण्ट” अर्थात् “भुक्तानी योग्य चेक” (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा जनकपुर भानुचोक शाखा, धनुषामा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



## शैक्षिक तथा व्यावसायिक भवन स्थापना गर्ने आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीका लागि सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मिति : २०८३ असोज १९)**

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नम्बर १७ मा प्राइम क्यापिटल अफेयर्स प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | प्राइम क्यापिटल अफेयर्स प्रा लि, ललितपुर महानगरपालिका-१६, ललितपुर, नेपाल |
| **प्रस्तावको व्यहोरा** | कुल ६ रोपनी, १३ आना, ३ पैसा, ३ दाम क्षेत्रफलमा कूल ६,८७४.४० वर्ग मिटर बिल्ट-अप एरिया र २० मिटर उचाई भएको एक आधुनिक शैक्षिक तथा व्यावसायिक भवन स्थापना गर्ने कार्य। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नम्बर १७ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने क्रममा, सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरूमा पर्ने सकारात्मक तथा नकारात्मक प्रभावहरू यकिन गर्न, वातावरणीय अध्ययनका निष्कर्षबारे जानकारी गराउन, प्रभावित तथा सरोकारवाला पक्षहरूको सहभागिता सुनिश्चित गर्न र उनीहरूको रायसुझाव संकलन गर्ने उद्देश्यले निम्न मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको छ। तसर्थ, उक्त कार्यक्रममा उपस्थित भई आफ्ना बहुमूल्य रायसुझाव प्रदान गर्नुहुन सबैमा अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने**
मिति : २०८३/असोज/२२ गते बिहिबार
समय : बिहान ८ बजे
स्थान : बाफल मार्ग, ग्वार्को

**आयोजक**
**प्राइम क्यापिटल अफेयर्स प्रा लि,**
**फोन नं.: ९८५१०१३४७१**



## श्री स्वास्थ्य सेवा महाशाखा
## छाउनी, काठमाण्डौ।

## कार्यालय सामान सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशन मितिः २०८३/०६/१९ गते।**

श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीको लागी आ.ब.२०८३/८४ मा चालु खर्चतर्फ बिनियोजित बजेटबाट कार्यालय सामानहरु खरिद खर्च शिर्षकमा बिनियोजित बजेटबाट यस महाशाखाको लागि आवश्यक पर्ने कार्यालय सामाग्रीहरु खरिद गर्नको लागी हार्डकपी सिलबन्दी दरभाउ पत्रको माध्यमबाट सिलबन्दी दरभाउपत्र लिन ईच्छुक फर्म/संस्था/कम्पनीको लागि यो सिलबन्दी दरभाउपत्र आव्हानको दोस्रो पटक ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै विस्तृत जानकारी र सिलबन्दी दरभाउपत्र प्रस्ताव पेश गर्नको लागि श्री स्वास्थ्य सेवा महाशाखा, छाउनीमा पेश गर्न सकिने छ।

| सि.नं. | कार्यक्रमको विवरण | दरभाउ पत्र दस्तुर | दरभाउ पत्र पेश गर्ने म्याद | सूचना नं. | जमानत रकम | जमानत मान्य अवधि | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | कार्यालय सामान | १०००।०० (पछि फिर्ता नहुने) | ७ दिन | NAWF/SSM/OFFICE GOODS/CHHA/2083/84/05 | २९,०००।०० | ७५ दिन | |



## ओमन र साउदीमा रोजगार

कम्पनी : PERFECT DOUGH SPC — शहर : OMAN
पूर्व स्वीकृत मितिः २०८३/०६/१२ — चलानी नं.: ६०२६१७७८ — LT. No.: 348614

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectioners | 2 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ७९९०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Baker | 2 | 0 | | 200 | ७९९०२ | | | | | | | |
| 3. | Factory - Production Operator | 1 | 0 | | 200 | ७९९०२ | | | | | | | |
| 4. | Kitchen Cleaner | 1 | 0 | | 100 | ३९९५१ | | | | | | | |

कम्पनी : ABDULAZIZ ABDALLAH HAMED AL MAADI — शहरः Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०९/२५ — चलानी नं.: ६०२५०४२० — LT. No.: 336658 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 2200 | ९०१३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २६ गते (12 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

NEPAL MANPOWER PVT. LTD.
Govt.Lic.No. 1099/073/074
Sinamangal-9, Kathmandu, Phone: 014596555, 4562373, 4596777, 4581882.
Mobile: 9841923898, 9841573430, 9841516630
Email: info@nepalmanpower.com.np, Web: www.nepalmanpower.com.np



## बागमती प्रदेश सरकार
## कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालय
## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
## बाख्रा तथा मत्स्य विकास केन्द्र
चित्लाङ्ग, मकवानपुर, नेपाल

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**प्रकाशित मिति : २०८३/०६/१९ (सोमबार)**

यस कार्यालयबाट आर्थिक वर्ष २०८३/८४ को लागि आवश्यक पशु आहार खरिद गर्न मिति २०८३/०५/२६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना नं **GFDC/NCB/GOODS/01/2083/084** बमोजिम उक्त कार्यको लागि निर्धारित समयभित्र पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिन आएकोले स्विकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ को प्रयोजनार्थ उक्त ऐनकै दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**तपसिल :**

| क्र. सं. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने मालसामनको विवरण | फर्मको नाम, ठेगाना | कुल मुल्याकित रकम रु.(भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | GFDC/NCB/GOODS /01/2083/084 | Procurement of supply and delivery of bran (pure chokar), goat feed, cattle feed and B2 pellet feed. | Susanjit Enterprises, Babarmahal, Kathmandu | ४८,४४,१५० ।- (अक्षरेपिः अड्चालिस लाख चौवालिस हजार एक सय पचास मात्र) |

**नि. केन्द्र प्रमुख**



## युएईमा रोजगार

कम्पनी : EMIRATES GATEWAY SECURITY SERVICES - LLC — शहरः UAE
पूर्व स्वीकृत मितिः २०८३/०१/२८ — चलानी नं.: ६०२५५२१८ — LT. No.: 341913 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 108 | 20 | स. काममा दक्ष | 2000 | ८३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २६ गते (12 October 2026) मा हुनेछ।

नोट : Civil Security लाई विशेष मान्यता दिइनेछ र अनिवार्य रूपमा +2 पास हुनुपर्नेछ।



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।



SILVER CORNER INTERNATIONAL PVT.LTD.
ताराहल चोक, सिनामंगल-९, काठमाडौं, श्रम इजाजत नं.: १११६/०७३/०७४, फोनः ०१-४५९१४६९,४५८९९५०
Contact No : 9841321260 (Kailash Pathak), Email: silvercornernepal@gmail.com, Web.: silvercornerinternational.com



## साउदी र कतारमा रोजगार

कम्पनीः ALI AL. M. AL-MUNEEF & BROS FOR TRADING & TRANSPORT — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८३/०२/२२ — चलानी नं.: ६०२५६३४० — L.T. No.: 343049 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver / Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ७३७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Equipment Mechanic (General) | 1 | 0 | | 2500 | १०२४२५ | | | | | | | |

कम्पनी : EMAAR CONTRACTING MAINTENANCE AND CONSTRUCTION — शहर : QATAR
पूर्व स्वीकृत मितिः २०८२/१०/१३ — चलानी नं.: ६०२५१३१३ — LT. No.:337855 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 1 | 0 | स. काममा दक्ष | 1000 | ४२२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २६ गते (12 October 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीमा रु. १०,००० कतारमा नि शुल्क |



बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।



स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
श्रम इजाजत नं. ९००/०६७/०६८
कालोपुल, काठमाडौं, नेपाल, फोनः ४५६०१६०, ४५७१४७१, 9802365804 Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

एसियाली खेलकुद

# ३४१ पदकसहित चीन पहिलो
# नेपाल दुई कास्यमा सीमित

**काठमाडौं/मस-** जापानको आइची-नागोयामा दुई सातासम्म चलेको २० औं एसियाली खेलकुद आइतबार औपचारिक रूपमा समापन भएको छ । मैदानभित्र किशोरावस्थाका युवा खेलाडीहरूले कीर्तिमानी प्रदर्शन गरिरहँदा मैदानबाहिर भने आवास, यातायात र भद्रगोल व्यवस्थापनका कारण प्रतियोगिताले व्यापक आलोचना खेप्नुपऱ्यो ।

नागोयास्थित मिजुहो पार्क एथलेटिक स्टेडियममा आयोजित समापन समारोहमा ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)का अध्यक्ष शेख जोआन बिन हमद अल थानीले खेलकुद समापनको घोषणा गरे । समारोहमा एसियाली खेलकुदको मसाल र झन्डा सन् २०३० मा २१औं एसियाली खेलकुद आयोजना गर्ने कतारको दोहाका प्रतिनिधिहरूलाई हस्तान्तरण गरिएको छ ।



प्रतियोगितामा ३४१ पदकसहित चीनले पहिलो स्थान हासिल गरेको छ । चीनले १६९ स्वर्ण, ८९ रजत र ८३ कांस्यपदक जित्दै आफ्नो दबदबा कायम राख्यो । आयोजक जापान ३९ स्वर्ण, ९५ रजत र ९१ कांस्यपदकसहित दोस्रो स्थानमा रह्यो । दक्षिण कोरिया ३९ स्वर्णसहित १५० पदक जितेर तेस्रो र भारत २१ स्वर्णसहित ८५ पदक जितेर चौथो स्थानमा रह्यो ।

नेपाल दुई कास्यपदकमा सीमित हुन पुग्यो । नेपालको महिला कबड्डी टोलीले लगातार दोस्रोपदक कास्यपदक जित्दा करातेका तेन्जिङ शेर्पाले पनि पदक हात पारे । १३५ नेपाली खेलाडीले प्रतिस्पर्धा गर्दा दुई कास्यपदक मात्र जितेको हो ।

आयोजनमा देखिएका विविध असजिलाका बाबजुद मैदानमा उत्रिएका युवा प्रतिभाहरूले उत्कृष्ट प्रदर्शन गर्दै प्रतियोगितालाई ऐतिहासिक बनाए ।

१३ वर्षीया चिनियाँ पौडीबाज यु जिडीले ३ वटा व्यक्तिगत स्वर्ण पदक जित्दै प्रतियोगिताकै सर्वोत्कृष्ट महिला खेलाडीको उपाधि हात पारिन् । उनले २०० मिटर इन्डिभिजुअल मेड्लेमा विश्व इतिहासकै दोस्रो द्रुत समय दर्ता गरेकी थिइन् ।




१९ वर्षीय चिनियाँ झाङ झान्सुओ एसियाली खेलकुदको एउटै संस्करणमा ७ वटा स्वर्ण पदक जित्ने पहिलो पौडीबाज बने । १७ वर्षीय जापानी पौडीबाज सिन ओहासीले २०० मिटर ब्रेस्टस्ट्रोकमा नयाँ विश्व कीर्तिमान कायम गरे ।

२० वर्षीय थाई धावक पुरिपोल बुन्सनले १०० मिटर र २०० मिटर दौड जित्दै दुईवटा नयाँ एसियाली खेलकुद कीर्तिमान बनाए र पुरुषतर्फका सर्वोत्कृष्ट खेलाडी घोषित भए ।

१८ वर्षीया चिनियाँ यान जियीले महिला ज्याभलिन थ्रोमा स्वर्ण पदक प्राप्त गरिन् ।

आयोजकहरूले 'सरल, सुव्यवस्थित र कार्यात्मक' खेलकुद सञ्चालन गर्ने लक्ष्य राखे पनि फितलो योजनाका कारण प्रतियोगिता अस्तव्यस्त बन्न पुग्यो ।

आयोजकले छुट्टै एथलेट्स भिलेज निर्माण गर्नुको सट्टा खर्च कटौतीका लागि होटल, काठका कन्टेनर युनिट र क्रुज जहाजहरूमा खेलाडी तथा पदाधिकारीहरूलाई राख्ने व्यवस्था मिलाएका थिए ।

आयोजकले १५ हजार जनाको बजेट अनुमान गरे पनि टोकियोदेखि ओसाकासम्मका विभिन्न स्थानमा १७ हजारभन्दा बढी खेलाडी तथा पदाधिकारी सहभागी भएका थिए ।

दर्ताका लागि खेलाडीहरूले १२ घण्टासम्म लाइनमा कुर्नुपरेको थियो भने रूम बुकिङमा दोहोरिने र गलत साथीहरूसँग कोठा सेयर हुनेसम्मका समस्या देखिए । खेलाडी बोक्ने बसहरू समयमा नआउने वा टोलीहरूलाई गलत खेलस्थलमा पुऱ्याउनेजस्ता गम्भीर गल्तीहरूका कारण केही प्रतिस्पर्धाहरू ढिलाइ हुन पुगेका थिए ।

हङकङ टोलीका प्रतिनिधि प्रमुख वाङ पो-कीले धेरै टोलीहरू आवास र यातायातको समस्याबाट प्रभावित भएको बताए । दक्षिण कोरियाली प्रतिनिधिमण्डलले त आयोजकको व्यवस्थापनलाई 'एफ' ग्रेड (सबैभन्दा तल्लो श्रेणी) दिएको छ । दक्षिण कोरियाले पुरुष फुटबलमा जापानलाई पराजित गरी स्वर्ण पदक जित्दा विजय समारोहमा राष्ट्रिय धुन बज्दा दक्षिण कोरियाको झन्डा झण्डोत्तोलन हुन सकेन । यसअघि दक्षिण कोरियाको पुरुष हक्की टोलीको खेलमा उत्तर कोरियाको राष्ट्रिय धुन बजाइएको थियो ।

टोकियो ओलम्पिकको पाँच वर्षपछि जापानमा आयोजना गरिएको यो ठुलो बहु-खेलकुद प्रतियोगितामा दर्शकको उपस्थिति भने निराशाजनक रह्यो । ५० हजार दर्शक क्षमताको रंगशालामा आयोजना गरिएको महिला फुटबलको सेमिफाइनल (जापानविरुद्ध दक्षिण कोरिया) हेर्न एक हजारभन्दा कम दर्शक उपस्थित थिए । तथापि, ओसिएले मितव्ययी व्यवस्थापनका लागि आयोजकको प्रशंसा गर्दै खेल सफल भएको दाबी गरेको छ ।

# दसौं राष्ट्रिय खेलकुद निर्धारित समयमै हुन्छ : मन्त्री पोखरेल

**सुर्खेत/मस-** शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले दसौं राष्ट्रिय खेलकुद निर्धारित समयमै हुने बताएका छन् । दसौं राष्ट्रिय खेलकुद मूल आयोजक समितिका अध्यक्ष मन्त्री पोखरेलको अध्यक्षतामा आइतबार सुर्खेतको वीरेन्द्रनगर स्थित कर्णाली प्रदेश रंगशालामा बसेको बैठकलाई सम्बोधन गर्दै उनले राष्ट्रिय खेलकुद निर्धारित समयमा हुने कुरामा शंका नगर्न आग्रह गरेका हुन् ।

'पटक पटक मिति सरेकोले फेरि पनि नहुने हो कि भन्ने शंका गर्नु स्वभाविक हो । तर, यसपटक प्रतियोगिता निर्धारित समयमै हुन्छ । कुनै द्विविधामा नरहनु होला,' उनले भने, 'मूल आयोजक समितिको बैठक यहाँ हुनु नै दसौं राष्ट्रिय खेलकुद सुरु भयो भन्ने सन्देश दिनु हो । राष्ट्रिय खेलकुदलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सरोकारवाला सबैको साथ र सहयोगका लागि आग्रह गर्न चाहन्छु ।'

बैठकपछि मन्त्री पोखरेलले कर्णाली प्रदेश रंगशाला हातामा रहेको विभिन्न खेल पूर्वाधारको अवलोकन समेत गरेका थिए ।

कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाहीले बैठकबाट कर्णाली प्रदेश दसौं राष्ट्रिय खेलकुद गर्न सक्षम भन्ने सन्देश प्रवाह भएको धारणा व्यक्त गरे ।

बैठकले दसौं राष्ट्रिय खेलकुद कर्णाली प्रदेशको सुर्खेतलगायत विभिन्न जिल्लामा २०८३ साल मंसिर १६ देखि २७ गतेसम्म आयोजना गर्ने राखेप बोर्डको निर्णयलाई सहमति प्रदान गरेकोमा नेपाल सरकारप्रति धन्यवाद प्रस्ताव पारित गर्ने निर्णय गरेको छ । दसौं राष्ट्रिय खेलकुद भव्य, सभ्य र व्यवस्थित रूपमा सञ्चालन गर्न प्रतिबद्धता व्यक्त गरेको छ ।




दसौं राष्ट्रिय खेलकुदमा सात प्रदेश, तीन विभागीय टोली (नेपाल प्रहरी/नेपाल आर्मी/एपिएफ) र गैर आवसीय नेपाली संघसहित ११ टिम सहभागी गराउने, दसौं राष्ट्रिय खेलकुदमा ३२ खेल समावेश गराउने, प्रथम पारा राष्ट्रिय खेलकुद सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने गराउने, दसौं राष्ट्रिय खेलकुदलाई भव्य, सभ्य र व्यवस्थित रूपमा सञ्चालन गर्न निजी संघ संस्थालगायत सबै सरोकारवाला निकायको सहभागितामा जोड दिँदै सार्वजनिक निजी साझेदारीको अवधारणा आवलम्बन गरी प्रायोजकसँग सम्झौता गरी कार्यन्वयन गर्ने निर्णय गरेको छ ।

राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका-२०८३ को दफा ५ मा भएको मूल आयोजक समितिको काम, कर्तव्य र अधिकार अन्तर्गतको खण्ड (च)मा 'प्रतियोगिता आयोजना सम्बन्धी आवश्यक कार्य गर्न कार्यसम्पादन समितिलाई अधिकार प्रत्यायोजन गर्ने' भन्ने व्यवस्था अनुसार दसौं राष्ट्रिय खेलकुद तथा प्रथम पारा राष्ट्रिय खेलकुद सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न गराउन कार्य सम्पादन समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरेको छ ।

बैठकमा राखेपका सदस्य-सचिव रामचरित्र मेहताले दसौं राष्ट्रिय खेलकुदको विविध पक्षबारे जानकारी गराउँदै प्रतियोगिता सफल पार्न सबैको साथ र सहयोगका लागि आग्रह गरे ।

बैठकपछि आयोजित पत्रकार सम्मेलनमा दसौं राष्ट्रिय खेलकुदको प्रचारप्रसार उपसमितिकी संयोजक समेत रहेकी राखेपकी सदस्य मोनालिशा खम्बुले बैठकको निर्णय सार्वजनिक गरेकी थिइन् ।

पत्रकार सम्मेलनमा सदस्य-सचिव मेहताले राष्ट्रिय खेलकुदका लागि ४४ करोड ८० लाख बजेट विनियोजन भएको बताउँदै अपुग रकमको हकमा उक्त बजेटसहित जम्मा ७१ करोड बजेटका लागि नेपाल सरकारबाट सहमति प्राप्त भएको बताए । उनले पारा राष्ट्रिय खेलकुद करिब पुस १५ देखि सुरु हुने बताउँदै त्यसका लागि ३ करोड ५० लाख बजेट विनियोजन भएको बताए ।

उनले राष्ट्रिय खेलकुदमा करिब ६ हजार ५ सय खेलाडी तथा अफिसियल गरी ९ हजारको सहभागिता रहने जानकारी गराउँदै मूल आयोजक समितिको बैठक कर्णाली प्रदेश रंगशालामा आयोजना गर्नु राष्ट्रिय खेलकुदको सुनिश्चितता भएको बताए । उनले विशेष परि स्थितमा बाहेक सबै खेल कर्णाली प्रदेशमा आयोजना हुने बताउँदै ३२ खेलमध्ये कर्णाली प्रदेशमा कम्तीमा २८ खेल हुने बताए ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्का सदस्य-सचिव रविन्द्र चन्दले बसोबासमा असहज नहोस् भन्ने उद्देश्यले राष्ट्रिय खेलकुदको अवधि विगतको भन्दा लामो समय राखिएको बताउँदै बसोबासलाई अझ सहज बनाउन उद्घाटनअघि पनि केही खेल सञ्चालन गर्ने व्यवस्था मिलाइएको बताए ।

उनले सकेसम्म कर्णाली प्रदेशका विभिन्न जिल्लामा खेल सञ्चालन गर्ने लक्ष्य रहेको बताउँदै खेल संघसँग निरन्तर संवादमा रहेको बताए ।

आइतबारै राखेप सदस्य-सचिव मेहता, कर्णाली प्रदेश खेलकुदका सदस्य-सचिव चन्दलगायतको उपस्थितिमा स्थानिय सरोकार, चार विषयगत उपसमिति सुरक्षा, स्वास्थ्य, बसोबास र खेलस्थल उपसमितिको बैठक पनि बसेको थियो ।

# रग्बी पदक विजेता पुरस्कृत

**काठमाडौं/मस-** राष्ट्रिय खेलकुद परिषद् (राखेप)का पूर्वसदस्यसचिव टंकलाल घिसिङले २०औं एसियाली खेलकुदअन्तर्गत पुरुष सेभेन्स रग्बीको कास्य पदक विजेता आयोजक जापानलाई पदक वितरण गरे । उनी एसिया रग्बीका उपाध्यक्ष पनि हुन् । नागोयामा तीन दिनसम्म चलेको रग्बी सेभेन्स प्रतियोगिताको फाइनल खेलका क्रममा एसिया रग्बीका अध्यक्ष काइस अल धलाई विशेष अतिथिका रूपमा उपस्थित भए ।



उनीसँगै जापानी राजपरिवारकी राजकुमारी अकीको मिकासा, जापान रग्बी फुटबल युनियनका मानार्थ संरक्षक तथा अध्यक्ष मासातो सुचिदा र नागोयाका मेयर इचिरो हिरोसावा पनि फाइनल समारोहमा सहभागी भए । आइची/नागोया २०२६ एसियाली खेलकुदअन्तर्गत रग्बी सेभेन्समा महिलामा जापानले चीनलाई १०-५ र पुरषमा हङकङले चीनलाई २६-० ले हराउँदै स्वर्ण जितेका थिए ।

# विश्वकप लिग-२ खेल्ने नेपाली टोलीको बिदाइ

**काठमाडौं/मस-** आइसिसी विश्वकप क्रिकेट लिग-२ एकदिवसीय श्रृंखला खेल्ने नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीको बिदाइ गरिएको छ ।

आइतबार आयोजित कार्यक्रममा नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द, सचिव पारस खड्कालगायत पदाधिकारीले नेपाली टोलीको बिदाइ गरेका हुन् । बिदाइ समारोहमा क्यानका अध्यक्ष चन्दले खेलाडी उच्च लयमा रहेकाले श्रृंखलामा नेपालले उत्कृष्ट प्रदर्शन गर्ने विश्वास व्यक्त गरे । उनले नेपाली टोलीलाई बधाई तथा शुभकामनासमेत दिए ।

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत नेपालले घरेलु टोली ओमान र क्यानडाको सामना गर्नेछ । उक्त श्रृंखलाअन्तर्गत नेपालले यही असोज २५ गते क्यानडासँग, असोज २७ गते ओमानसँग, असोज ३१ गते क्यानडासँग तथा आगामी कात्तिक २ गते ओमानसँग खेल खेल्ने छ । एकदिवसीय मान्यता जोगाउन नेपालका लागि उक्त श्रृंखला महत्वपूर्ण छ ।

लिग-२ का लागि क्यानले सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरिसकेको छ । टोलीमा सन्दीपसहित आसिफ शेख, दीपेन्द्र सिंह ऐरी, देव खनाल, ईशान पाण्डे, रोहित पौडेल, अर्जुन कुमाल र सन्दीप जोरा समावेश



छन् । त्यस्तै, गुल्सन झा, बसिर अहमद, करण केसी, नन्दन यादव, ललित राजवंशी, साहब आलम र शेर मल्लले पनि स्थान पाएका छन् ।

हाल नेपाल लिग-२ को अंक तालिकामा सातौं स्थानमा रहेको छ । नेपालले ३२ खेलबाट २४ अंक जोडेको छ । ओडिआइ मान्यता जोगाउन नेपाललाई आगामी खेलहरूमा राम्रो प्रदर्शन अनिवार्य देखिएको छ ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८।०३।२० मा दर्ता भएको **प्रा.लि. नं. २६४१५८** को **धरहरा वेलकम होटल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०४।०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/१९**

यस कम्पनीको मिति २०८३।०६।०९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **सृजना इङ्गलिस बर्डिङ्ग स्कुल प्रा.लि. (दर्ता नं. १९७८७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **सृजना इङ्गलिस बोर्डिङ्ग स्कुल सिरहा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति २०८३/०६/१९**

यस कम्पनीको मिति २०८३।०६।०९ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **परियार कन्स्ट्रक्सन कम्पनी प्रा.लि. (दर्ता नं. २०३८७४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।१४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **एम. डि. घर निर्माण प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



**युएईमा रोजगार**

कम्पनी : MAGNUM SECURITY SERVICES — शहर : Dubai
पूर्व स्वीकृत मिति: २०८३/०६/१६ — चलानी नं.: ६०२६२०६५ — LT. No.: 348900

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard/guard | 14 | 0 | स. काममा दक्ष | 1200 | ५०,२५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MARS MIDDLE EAST GENARAL CONTRACTING L.L.C. — शहर : Dubai
पूर्व स्वीकृत मिति: २०८२/०९/०४ — चलानी नं.: ६०२४९०६७ — LT. No.: 335612 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 1000 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २६ गते (12 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Support Human Resources Pvt. Ltd. — श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No : 01-4111126, 9707089500, 9802070434, 9802050422



**UAE मा रोजगार** EXPLORER FOR EMPLOYMENT SERVICES - LLC

पुन: विज्ञापन, पूर्व स्वीकृती मिति: २०८३/३/२२ — चलानी नं.: ६०२५७७६५ — LT No.: 344482

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 34 | 0 | काममा दक्ष | 1500 | ६२,९५०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Concrete Masons | 50 | 0 | | 1500 | ६२,९५०।- | | | | | | | |
| ३. | Construction Labouers | 45 | 0 | | 1200 | ६२,९५०।- | | | | | | | |
| ४. | Steal Fixer | 25 | 0 | | 1500 | ६२,९५०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८३ असोज २६ गते (12 Oct., 2026) यस प्रा. लि. को कार्यलय सामाखुशी काठमाडौमा हुनेछ ।**

ईम्पावर ओभरसिज प्रा. लि. — श्रम ईजाजत नं.: ११०६/०७३/०७४
टोखा-१०, सामाखुशी, काठमाडौं, फोन: ०१-४९८२७१२, ९७६७२७२४५२, ९७६१८५६९८५
सम्पर्क व्यक्ति : ९८६०४५६५५६ (तारामणि राई)
Email:empoweroverseas2074@gmail.com | Web: www.empoweroverseas.com.np



**जापानमा रोजगार**

कम्पनी : COOPERATIVE TASK — शहर : JAPAN
पूर्व स्वीकृत मिति: २०८३/०१/२१ — चलानी नं.: ६०२५४७८२ — LT. No.: 341406 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plaster Man | 16 | 0 | स. काममा दक्ष | 206785 | २,०२,६४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजको प्रतिलिपि ।
**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : नि शुल्क
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता**
**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ असोज २६ गते (12 October 2026) मा हुनेछ ।**

**नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ । जापान सरकारले औधोगिक प्रशिक्षार्थीको रुपमा लिने, कुनैपनि कामको बारेमा अनुभवी प्रशिक्षकबाट तालिमको पनि ब्यवस्था छ । साथै औधोगिक प्रतिस्थानमा प्रयोग हुने व्याबहारीक जापानिज भाषा अडियो तथा भिडियोको माध्यमबाट जापानिज भाषा सिकाइन्छ ।**

"A friend at your service"
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



**युएईमा रोजगार**

कम्पनी: EXPLORER FOR EMPLOYMENT SERVICES - LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०३/०९ — चलानी नं.: ६०२५७३२८ — L.T. No.: 343897 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ६२८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Construction Labouers | 50 | 0 | | 1200 | ५०२५६ | | | | | | | |
| 3. | Still Fixture | 50 | 0 | | 1500 | ६२८२० | | | | | | | |
| 4. | Concrete Masons | 50 | 0 | | 1500 | ६२८२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज २६ गते (12 October 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Al Zahra Human Resources Consultancy Private Limited — Gov. Lic No.: 1657/080/081
Thapa Gaun, New Baneshwor, Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: +977 981-0003423 (Muna Basnet)
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com

अर्थ वाणिज्य
www.madhyanhadaiy.com
गा.हु.का.द.नं. ३३/०६९/०७०
१९ असोज २०८३ सोमबार
5 October 2026 Monday




*पोखरा महानगरपालिका-१ स्थित जौबारी, याम्दी क्षेत्रमा बिक्रीका लागि राखिएका भेडाच्यांग्रा । हरेक वर्ष दसैंका लागि मुस्ताङ, मुगु, डोल्पा, बझाङलगायत जिल्लाबाट ल्याइएका भेडाच्यांग्रा बिक्रीका लागि राख्ने गरिन्छ । तस्बिर : धनबहादुर गुरुङ/रासस*

# चाडपर्व नजिकिएसँगै बजारमा चहलपहल

**काठमाडौं/मस–** दसैं नजिकिएसँगै काठमाडौंको भृकुटीमण्डपलगायत अन्य विभिन्न खुला बजारमा किनमेल गर्ने ग्राहकको चाप बढेको छ । खुला बजारमा दसैंका लागि नयाँ कपडा तथा आवश्यक सामग्री खरिद गर्न पुगेका ग्राहकको चहलपहल अन्य समयको तुलनामा बढेको हो । दसैंका लागि परिवारका सदस्य, आफन्त तथा बालबालिकाका लागि नयाँ कपडा खरिद गर्ने ग्राहकको संख्या बढेपछि भृकुटीमण्डपलगायत बजारमा व्यापारीसमेत व्यस्त देखिएका छन् । भृकुटीमण्डपलगायत विभिन्न पसलमा ग्राहक कपडा छनोट गर्दै, मूल्यबारे जानकारी लिँदै तथा आफूलाई आवश्यक सामग्री खरिद गर्न व्यस्त रहेको भृकुटीमण्डपस्थित खुला बजारका फेन्सी पसलका व्यापारी अशोक खतिवडाले बताए । उनका अनुसार केही दिनयता बजारमा ग्राहकको आवागमन बढ्न थालेको छ । विशेषगरी बालबालिका, युवा तथा ज्येष्ठ नागरिकका लागि आवश्यक कपडा खरिद गर्ने ग्राहकको संख्या उल्लेख्य रूपमा बढेको उनले बताए । 'दसैं नजिकिँदै गएपछि कपडा किन्ने ग्राहकको संख्या दिनप्रतिदिन बढिरहेको छ । बिहानदेखि बजारमा पहिलेभन्दा बढी चहलपहल देखिएको छ,' खतिवडाले भने । दसैंमा नयाँ कपडा लगाउने नेपाली परम्परा रहेकाले पनि चाडपर्वको समयमा कपडाको व्यापार बढ्ने गरेको अर्का व्यापारी श्यामप्रकाश अधिकारीले बताए ।



उनका अनुसार ग्राहकको चाप बढेसँगै व्यापारीलाई सामान देखाउने, ग्राहकको रोजाइअनुसार कपडा छनोट गराउने, मूल्य बताउने तथा बिक्री व्यवस्थापन गर्न भ्याइनभ्याइ हुने गरेको छ । 'भृकुटीमण्डपमा दसैंका लागि आवश्यक कपडादेखि जुत्ता, चप्पल, बालबालिकाका सामग्री तथा दैनिक उपभोगका विभिन्न सामान खरिद गर्ने ग्राहकको समेत उपस्थिति बढेको छ,' उनले भने ।

एउटै स्थानमा विभिन्न प्रकारका सामान उपलब्ध हुने तथा ग्राहकले आफ्नो बजेटअनुसार सामान छनोट गर्न सक्ने भएकाले खुला बजारमा किनमेल गर्नेको संख्या बढेको व्यापारीहरूको भनाइ छ । चाडपर्वको समयमा सीमित आम्दानी भएका परिवारका लागि सस्तो बजार रोजाइमा पर्ने गरेको व्यापारी बताउँछन् । काठमाडौं उपत्यकाका विभिन्न खुला बजार तथा सडक किनारका रात्रिकालीन पसल तथा सपिङ मल र ठुला व्यापारिक केन्द्रको तुलनामा केही सस्तोमा लुगा, कपडा तथा अन्य सामग्री पाइने भएकाले ग्राहकको आकर्षण बढ्ने गरेको व्यापारीहरूको भनाइ छ । सुन्धारास्थित रात्रिकालीन सडकपेटीमा लुगा, कपडा बिक्री गर्दै आएकी संगीता न्यौपानेले पनि दसैं नजिकिएसँगै ग्राहकको आवागमन बढेको बताइन् । उनका अनुसार चाडपर्वमा परिवारका सबै सदस्यका लागि कपडा खरिद गर्नुपर्ने भएकाले ग्राहकले मूल्य र गुणस्तर दुवैलाई ध्यान दिने गरेका छन् । दसैंसँगै मौसममा समेत क्रमिक रूपमा सुधार हुन थालेकाले चिसो मौसमका लागि आवश्यक लुगा, कपडा खरिद गर्ने ग्राहक पनि बजारमा देखिन थालेका छन् ।

विशेषगरी ज्याकेट, स्विटर, ट्र्याकसुट, हुडी तथा अन्य न्यानो कपडा खरिद गर्ने ग्राहकको संख्या पनि बढ्दै गएको व्यापारी हरिकृष्ण कँडेलले बताए ।

चाडपर्व नजिकिँदै जाँदा काठमाडौं उपत्यकाका भृकुटीमण्डप, असन, इन्द्रचोक, सुन्धारा, नयाँसडकलगायत बजारमा ग्राहकको चाप थप बढ्ने व्यवसायीको अपेक्षा छ । चाडपर्वका लागि आवश्यक सामग्री खरिद गर्न उपत्यकाका साथै बाहिरी जिल्लाबाट काठमाडौं आएका नागरिकसमेत किनमेलमा व्यस्त हुन थालेका छन् । व्यापारीहरूले दसैंलाई लक्षित गरी विभिन्न प्रकारका सामानको मौज्दातसमेत बढाएका छन् । ग्राहकको मागअनुसार बालबालिका, महिला तथा पुरुषका लागि विभिन्न डिजाइन, रङ र मूल्यका कपडा बजारमा राखिएको उनीहरू बताउँछन् । ग्राहकले आफ्नो बजेट र रुचिअनुसार सामान छनोट गर्ने गरेका छन् ।

# बालक्यान्सर उपचारमा पहुँच र प्रारम्भिक पहिचान सुधार्नुपर्नेमा जोड

**काठमाडौं/मस–** बालक्यान्सर उपचारसम्बन्धी राष्ट्रिय गोष्ठीले नेपालमा बालक्यान्सर उपचारका लागि थप प्रभावकारी समन्वय, उपचारमा पहुँच विस्तार तथा अझ एकीकृत राष्ट्रिय दृष्टिकोण अवलम्बन गर्न आह्वान गरेको छ । विश्व बालक्यान्सर, रमेश गुप्ता मेमोरियल ट्रस्ट र टिएसिसीको संयुक्त आयोजनामा 'राष्ट्रिय बालक्यान्सर उपचार तथा सरोकारवाला सहभागिता गोष्ठी' आयोजना गरिएको थियो । गोष्ठीमा नेपाल सरकारका प्रतिनिधि, बालक्यान्सर उपचारमा संलग्न अस्पताल, स्वास्थ्यकर्मी, पेसागत संघसंस्था, प्रतिष्ठान, गैरसरकारी संस्था, अभिभावक, क्यान्सरबाट निको भएका व्यक्ति तथा अन्तर्राष्ट्रिय साझेदार संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । गोष्ठीमा नेपालमा बालक्यान्सर उपचारको क्षेत्रमा भएका प्रगतिको समीक्षा गर्दै रोगको प्रारम्भिक पहिचान, समयमै स्वास्थ्य संस्थामा पठाउने व्यवस्था, उपचारमा समान पहुँच, आवश्यक औषधि तथा परीक्षण, सहायक उपचार, पोषण,




मनोसामाजिक सेवा, परिवार सहयोग, उपचारपछिको जीवन तथा उपचारको परिणाम मापनलगायतका क्षेत्रमा अझै रहेका चुनौतीबारे छलफल गरिएको थियो । बालक्यान्सरलाई राष्ट्रिय स्वास्थ्य प्राथमिकतामा थप महत्त्व दिनुपर्ने र क्यान्सर नियन्त्रण तथा सार्वभौमिक स्वास्थ्य पहुँचसम्बन्धी प्रयासमा यसलाई थप प्रभावकारी रूपमा समेट्नुपर्नेमा सहभागीले जोड दिए ।

गोष्ठीले स्पष्ट जिम्मेवारी, मापनयोग्य लक्ष्य र निश्चित समयसीमासहित बालक्यान्सरसम्बन्धी समन्वित राष्ट्रिय कार्ययोजना आवश्यक रहेको निष्कर्ष निकालेको थियो । समुदायस्तरमा जनचेतना अभिवृद्धि, स्वास्थ्य सेवाको पहिलो तहमा कार्यरत स्वास्थ्यकर्मीको क्षमता विकास, बिरामीलाई तत्काल सम्बन्धित स्वास्थ्य संस्थामा पठाउने प्रभावकारी प्रणाली, निदानसम्बन्धी सेवा सुदृढीकरण तथा विशेषज्ञ उपचारमा परिवारले भोग्दै आएका कठिनाइ कम गर्न क्षेत्रीय र साझा उपचार सञ्जाल विकास गर्नुपर्ने सुझाव दिइएको थियो ।

यसैगरी, बालक्यान्सर उपचार केन्द्रहरूको राष्ट्रियस्तरमा मूल्यांकन गर्नुपर्ने आवश्यकताको विषयमा छलफल गरिएको थियो । यस्तो मूल्यांकनमार्फत जनशक्तिको क्षमता, रोग पहिचान तथा परीक्षण सेवा, औषधिको उपलब्धता, उपचार सेवा, बिरामी सुरक्षा, सहायक उपचार तथा मनोसामाजिक सेवाको अवस्थाको समीक्षा गर्नुपर्ने सुझाव दिइएको छ ।

बालक्यान्सरसम्बन्धी राष्ट्रिय तथ्यांक प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउनुपर्नेमा सहभागीले जोड दिएका थिए । रोग पहिचानमा हुने ढिलाइ, उपचार बीचमै छाड्ने अवस्था, उपचार पूरा गर्ने दर, रोग पुनः देखिने अवस्था, बिरामीको बाँच्ने दर तथा जीवनस्तर जस्ता महत्त्वपूर्ण सूचकको नियमित अभिलेखीकरण, अनुगमन र मूल्यांकनका लागि भरपर्दो तथ्यांक प्रणाली विकास गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो ।

गोष्ठीले सरकार, अस्पताल, पेसागत संघसंस्था, नागरिक समाज, अभिभावक, क्यान्सरबाट निको भएका व्यक्ति तथा अन्तर्राष्ट्रिय साझेदारको सहभागितामा राष्ट्रिय बालक्यान्सर समन्वय संयन्त्र स्थापना वा विद्यमान संयन्त्रलाई थप सुदृढ गर्न सिफारिस गरेको छ । उक्त संयन्त्रमार्फत बालक्यान्सर उपचारसम्बन्धी प्रगतिको नियमित अनुगमन, वार्षिक समीक्षा तथा जिम्मेवारीको सुनिश्चितता गर्नुपर्ने सुझाव दिइएको छ ।

## सिद्धार्थ बैंक र दराजको सहकार्यमा '१०-१० दसैं धमाका' अफर

**काठमाडौं/मस–** सिद्धार्थ बैंकले दराजको सहकार्यमा दसैंको अवसर पारेर '१०-१० दसैं धमाका' अफर सार्वजनिक गरेको छ । यस अफरअन्तर्गत बैंकका डेबिट तथा क्रेडिट कार्ड प्रयोग गरी दराजको एपमार्फत सामान खरिद गर्दा ग्राहकले १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । असोज २६ गतेसम्म सञ्चालन हुने यस अफरअन्तर्गत सिद्धार्थ बैंकको भिसा डेबिट कार्ड प्रयोगकर्ताले १० प्रतिशत (अधिकतम रु १,०००) र भिसा क्रेडिट कार्ड प्रयोगकर्ताले १५ प्रतिशत (अधिकतम रु. १,५००) सम्म छुट प्राप्त गर्न निम्न प्रक्रिया पूरा गरी उक्त छुटको लाभ लिन सक्नेछन् ।

दसैंको समयमा अनलाइन किनमेललाई थप सहज, सुरक्षित तथा लाभदायी बनाउने उद्देश्यले ल्याइएको यस सहकार्यले ग्राहकलाई डिजिटल भुक्तानीका सहज र सुरक्षित माध्यम प्रयोग गर्न प्रोत्साहित गर्ने विश्वास बैंकले लिएको छ । साथै, दसैंको किनमेलमा ग्राहकलाई थप सुविधा र लाभ प्रदान गर्दै डिजिटल बैंकिङको प्रयोगलाई प्रवर्द्धन गर्न यस अफरले योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## 'टिम एक्स्ट्रिम'का सदस्य बने राष्ट्रिय टोलीका ९ खेलाडी



**काठमाडौं/मस–** नेपाली क्रिकेटको विकास, खेलाडीको प्रोत्साहन तथा युवा पुस्तामा खेलकुदप्रतिको उत्साह र ऊर्जा बढाउने उद्देश्यसहित एक्स्ट्रिम इनर्जी ड्रिंकले नेपाली राष्ट्रिय क्रिकेट टोलीका ९ चर्चित खेलाडीलाई 'टिम एक्स्ट्रिम'मा आबद्ध गरेको छ ।

काठमाडौंमा आयोजित विशेष कार्यक्रममा एक्स्ट्रिम इनर्जी ड्रिंक र राष्ट्रिय क्रिकेट टोलीका ९ खेलाडीबीच औपचारिक सम्झौता गरेको हो । सम्झौतामा सन्दीप लामिछाने, रोहित पौडेल, सोमपाल कामी, आसिफ शेख, ललित राजवंशी, शेर मल्ल, ईशान पाण्डे, करण केसी र लोकेश बम 'टिम एक्स्ट्रिम'का सदस्य बनेका हुन् । सम्झौतापछि आबद्ध खेलाडीले प्रयोग गर्ने क्रिकेट ब्याटमा एक्स्ट्रिम इनर्जी ड्रिंकको लोगो रहनेछ । त्यस्तै, एक्स्ट्रिमले आयोजना तथा सञ्चालन गर्ने विभिन्न प्रवर्द्धनात्मक, ब्रान्डिङ तथा खेलकुदसम्बन्धी गतिविधिमा पनि यी खेलाडीको सहभागिता रहनेछ ।

नेपाली क्रिकेटमा खेलाडीहरूको लोकप्रियता र युवा पुस्तामाझ उनीहरूको प्रभावलाई ध्यानमा राखेर गरिएको यो सहकार्यले क्रिकेट र ब्रान्डबीचको सम्बन्धलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ । नेपाली क्रिकेटको विकासमा योगदान पुऱ्याउनुका साथै खेलाडीलाई प्रोत्साहन गर्ने र युवापुस्तालाई खेलकुदतर्फ आकर्षित गर्ने उद्देश्यले 'टिम एक्स्ट्रिम' सदस्य बनाइएको कम्पनीले जनाएको छ । एनपिएलका ७ टोली समेटिएको एक्स्ट्रिमको विशेष संस्करणको क्यान सार्वजनिक कार्यक्रममा एक्स्ट्रिम इनर्जी ड्रिंकले नेपाल प्रिमियर लिग (एनपिएल)मा मुख्य प्रायोजकका रूपमा आबद्ध आफ्ना ७ टोलीलाई समेटेर तयार पारिएको विशेष संस्करणको क्यानसमेत सार्वजनिक गरेको छ ।

एनपिएलका सम्बन्धित टोलीको पहिचान तथा क्रिकेटप्रतिको समर्थकको उत्साहलाई समेटेर तयार पारिएको विशेष संस्करणको क्यानले खेलाडी तथा समर्थकसँगको सम्बन्धलाई थप नजिक बनाउने कम्पनीले जनाएको छ । विशेष संस्करणको क्यानमार्फत एनपिएलको माहोललाई थप रोमाञ्चक बनाउँदै क्रिकेटप्रेमी तथा समर्थकमाझ एक्स्ट्रिमको उपस्थिति अझ प्रभावकारी बनाउने कम्पनीको विश्वास छ ।

एक्स्ट्रिम इनर्जी ड्रिंकले नेपाली युवाको ऊर्जा, उत्साह र खेलप्रतिको जोससँग आफूलाई जोड्दै आगामी दिनमा पनि क्रिकेटलगायत विभिन्न खेलकुद गतिविधिमा निरन्तर सहकार्य र सहभागिता हुने कम्पनीले प्रतिबद्धता व्यक्त गरेको छ ।

## रेड बुल कृति अवार्ड्स २०८३ अन्तर्गत 'कृति कनेक्ट' कार्यक्रम सम्पन्न



**काठमाडौं/मस–** नेपाल विज्ञापन संघ (आन)ले काठमाडौंमा रेड बुल १३औं कृति अवार्ड्स २०८३ अन्तर्गत 'कृति कनेक्ट' सम्पन्न गरेको छ । विगतका वर्षका कृति अवार्ड्सको क्रममा 'एजेन्सी ब्रिफिङ सेसन'का रूपमा एजेन्सीलाई अवार्ड्सका मापदण्ड र अन्य प्रशासनिक विषयमा जानकारी दिनका लागि आयोजना गरिने थियो । कार्यक्रमलाई यस वर्ष गैर-सदस्य एजेन्सीलाई समेत संलग्न गरी यस अवार्ड्सको गरिमा र छविलाई थप उचाइमा पुऱ्याउने मुख्य उद्देश्यका साथ 'कृति कनेक्ट'को रूपमा भव्यताका साथ आयोजना गरिएको आयोजकले जनाएको छ ।

'क्रेटिभिटी कनेक्ट, होएर इट अल स्टार्ट' नाराका साथ आयोजित यस कार्यक्रममा विज्ञापन तथा बजारीकरण क्षेत्रका नयाँ विचार, ऊर्जा र सम्बन्धलाई सुदृढ पार्ने विभिन्न गतिविधि सञ्चालन गरिएका थिए । कार्यक्रममा नेपाली विज्ञापन उद्योगका प्रतिष्ठित व्यक्तित्वले कृति अवार्ड्सका विविध पक्षहरूमा प्रकाश पारेका थिए । आनका पूर्वअध्यक्ष तथा कृति अवार्ड्सका सुरुवातकर्ता भास्करराज राजकर्णिकारले अवार्ड्सको उद्देश्य र उपादेयताका साथै आनका वर्तमान प्रथम उपाध्यक्ष उज्ज्वल शाक्यले यस वर्ष हुन गइरहेको कृति अवार्ड्सको १३औं शृंखलाका विविध विषयका बारेमा प्रकाश पारेका थिए । त्यसैगरी हालसम्म सबैभन्दा धेरै कृति अवार्ड्स विजेता मेकवेजका प्रमुख विधान राजभण्डारीले अवार्ड्स हात पार्न गर्नुपर्ने तयारी तथा प्रस्तुतिकरणका बारेमा सहभागीलाई जानकारी दिएका थिए । कार्यक्रममा नेपाली विज्ञापन उद्योगका समसामयिक विषय र सिर्जनात्मक बजारीकरणका आयाममा केन्द्रित रहेर एक छलफल समेत सञ्चालन गरिएको थियो । कार्यक्रमको अन्त्यमा सहभागीलाई धन्यवाद दिँदै यस किसिमका कार्यक्रमले नेपालको विज्ञापन तथा ब्रान्डिङ उद्योगलाई थप एकताबद्ध बनाउन, पारदर्शिता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको कुरा आनका अध्यक्ष सुदीप थापाले बताए ।

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

**चाडपर्वको खुसी बाँडौं,**
**सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**